जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १०४ • २०८३ साल भाद्र १६ गते मंगलबार (1 September, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमत पार्टीका तत्कालीन कोषाध्यक्ष यादव निर्दोष ठहर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नै पार्टीका तत्कालीन कोषाध्यक्ष सुरेन्द्रनारायण यादवविरुद्ध दायर गरेको ठगी तथा रकम हिनामिनासम्बन्धी मुद्दामा ललितपुर जिल्ला अदालतले फैसला गरेको छ। सोमबार अदालतले तत्कालीन कोषाध्यक्ष यादवलाई आरोप पुष्टि हुन नसकेको भन्दै निर्दोष ठहर गरेको छ।

ललितपुर जिल्ला अदालतले मुद्दामा प्रस्तुत प्रमाण, प्रतिवादीको बयान तथा विभिन्न कागजातहरूको अध्ययनपछि यादवमाथि लगाइएको आरोप दाबी पुग्न नसकेको निष्कर्ष निकालेको छ।

जिल्ला अदालतको फैसलामा भनिएको छ, 'यस अदालतमा विचाराधीन मुद्दामा प्रस्तुत प्रमाण, बयान तथा कागजातहरू समेतको आधारमा प्रतिवादी सुरेन्द्रनारायण यादवमाथि लागेको आरोप दाबी पुग्न नसकेको हुँदा निजलाई निर्दोष ठहर गरिएको छ।'

जनमत पार्टीका तत्कालीन कोषाध्यक्ष यादवमाथि पार्टीको रकम हिनामिना गरेको आरोप लागेको थियो। उनीमाथि पार्टीका नाममा उठाइएको चन्दा तथा लेबीको रकम व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको आरोप लगाइएको थियो।

विशेषगरी विदेशमा रहेका पार्टीका कार्यकर्ताबाट उठाइएको लेबी तथा चन्दाको रकम व्यक्तिगत लाभका लागि प्रयोग गरेको र सोही रकमबाट काठमाण्डुमा घर खरिद गर्नुका साथै जनकपुरधाममा व्यवसाय सञ्चालन गरेको आरोप उनीमाथि लगाइएको थियो।

अध्यक्ष डा. राउतले यादवमाथि करोडौं रुपैयाँ बराबरको रकम हिनामिना गरेको आरोप लगाउँदै पार्टीभित्र समेत अनुशासनात्मक कारबाही गरेका थिए।

यादवविरुद्ध पार्टीको रकम हिनामिना तथा ठगीसम्बन्धी आरोपमा प्रहरीमा समेत उजुरी परेको थियो।

अध्यक्ष डा. राउतले दिएको मुद्दामा यादवले विदेशमा रहेका पार्टी कार्यकर्ताबाट चन्दा तथा लेबीका रूपमा संकलन भएको रकमको दुरुपयोग गरेको दाबी गरिएको थियो। सो रकमबाट व्यक्तिगत सम्पत्ति जोडेको तथा व्यवसायमा लगानी गरेको आरोपसमेत लगाइएको थियो।

### भोटेकोशी महाविनाशः ९३९ शव फेला

# ३९२५ जना सम्पर्कविहीन, उद्धारमा २१ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालित



**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशीमा आएको भीषण बाढीको छैटौं दिनसम्म पनि विपत्तिको असर विभिन्न जिल्लामा देखिइरहेको छ। रसुवासहित चितवन, धादिङ, तनहुँ, गोरखा, नुवाकोट र नवलपरासी पूर्वलगायतका क्षेत्रमा बाढीपछि शव फेला पर्ने क्रम जारी छ। विपत्तिमा ठूलो मानवीय क्षति भए पनि मृत्यु, घाइते र सम्पर्कविहीनको एकीकृत विवरण अझै पूर्ण रूपमा संकलन हुन सकेको छैन।

अचानक आएको भीषण बाढीको कारणबारे जलवायु विज्ञ, हिमाल तथा हिमनदी विशेषज्ञहरूले अध्ययन सुरु गरेका छन्। बाढीको प्रकृति, सम्भावित कारण र भविष्यमा यस्ता विपत्तिको जोखिम न्यूनीकरणका उपायबारे विज्ञहरूले अध्ययन गरिरहेका छन्।

उपलब्ध विवरणअनुसार विपत्तिपछि हालसम्म ९३९ जनाको शव फेला परेको छ। त्यस्तै ११ हजार ३७९ जनाको उद्धार गरिएको छ भने ३ हजार ९२५ जना अझै सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ।

हालसम्म २७९ जना घाइते भएको जानकारी छ। उद्धार तथा खोजी अभियानमा नेपाली सेनासहित विभिन्न सुरक्षा निकाय, स्वयंसेवक तथा स्थानीयवासी परिचालित छन्।

यद्यपि विभिन्न जिल्लाबाट प्राप्त विवरणलाई एकीकृत गर्ने काम जारी रहेकाले मृतक, घाइते तथा सम्पर्कविहीनको वास्तविक संख्या अझै यकिन हुन सकेको छैन। कतिपय प्रभावित क्षेत्रमा सञ्चार सम्पर्क विच्छेद भएकाले पनि तथ्यांक संकलनमा कठिनाइ भइरहेको छ।

विपद्पछि उद्धार तथा खोजी कार्यलाई तीव्रता दिइएको छ। हालसम्म २१ हजार ८ जना सुरक्षाकर्मी उद्धार तथा खोजी अभियानमा परिचालित भएका छन्।

नेपाली सेनासहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोलीहरू प्रभावित क्षेत्रमा खटिएका छन्। उनीहरूले घाइते तथा जोखिममा परेकाको उद्धार, शव खोजी तथा व्यवस्थापन, सुरक्षित स्थानमा स्थानान्तरण र राहत सामग्री पुऱ्याउने काम गरिरहेका छन्।

अधिकांश उद्धार उडानहरू रसुवाको टिमुरे, त्रिशूली तथा धुन्चे क्षेत्रमा केन्द्रित छन्। सडक तथा पुलमा क्षति पुगेका कारण कतिपय प्रभावित क्षेत्रमा स्थलमार्गबाट पुग्न कठिन भएपछि हवाई उद्धारलाई प्राथमिकता दिइएको छ।

## पृथ्वी राजमार्ग बन्द भएपछि वैकल्पिक मार्ग

**टुडे समाचारदाता**

जनकपुरधाम । नारायणगढ-काठमाण्डु सडकखण्ड पूर्णरूपमा बन्द भएपछि हेटौंडा-काठमाण्डु आवतजावतका लागि वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने अवस्था आएको छ।

पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरलगायतका स्थानमा त्रिशूली नदीले कटान गरेर पहिरो गएपछि नारायणगढ-काठमाण्डुको सडक सञ्जाल टुटेको छ।

चितवन जिल्ला प्रशासनले नारायणगढ हुँदै काठमाण्डु जाने सबै प्रकारका सवारीसाधनको आवागमनमा पूर्ण रोक लगाएको छ।

यस्तो अवस्थामा नारायणगढ-मुग्लिन हुँदै काठमाण्डु आवतजावत गर्ने सवारीहरूको लागि हेटौंडा हुँदै जाने विभिन्न सडक सञ्जालका विकल्प छन्। नारायणगढ-काठमाण्डु सडकखण्ड पूर्णरूपमा बन्द भएपछि हेटौंडाबाट काठमाण्डु जाने १४ सिटभन्दा माथिका सवारीसाधनलाई त्रिभुवन राजपथ प्रयोग गर्न जिल्ला प्रशासन कार्यालय, मकवानपुरले निर्देशन दिएको छ। प्रशासनको निर्देशनअनुसार १४ सिटभन्दा माथिका सवारीसाधनले हेटौंडा-भैंसे-पालुङ-नौबीसे हुँदै काठमाण्डु जाने त्रिभुवन राजपथ प्रयोग गर्नुपर्ने छ।

हेटौंडा र काठमाण्डु जोड्ने त्रिभुवन राजपथ पुरानो सडकमार्ग हो। हरेक वर्ष वर्षायाममा अन्य प्रमुख सडकखण्ड बाढी, पहिरो तथा विभिन्न कारणले अवरुद्ध हुँदा हेटौंडा-काठमाण्डु आवागमनका लागि यही मार्ग महत्वपूर्ण वैकल्पिक सडकका रूपमा प्रयोग हुँदै आएको छ। हेटौंडाबाट पालुङ ६९ किलोमिटरको दूरी छ। त्यहाँबाट काठमाण्डु पुग्न ५४ किलोमिटर गरी हेटौंडाबाट त्रिभुवन राजपथ हुँदै काठमाडौं पुग्न १२१ किलोमिटरको दूरी पार गर्नुपर्ने हुन्छ।

त्यस्तै हेटौंडाबाट भीमफेदी-कुलेखानी-फाखेल-फर्पिङ हुँदै काठमाण्डु पुग्ने मार्ग प्रयोग गर्न सकिन्छ।

त्यसका लागि हेटौंडा-भीमफेदी-कुलेखानीसम्म पुगेपछि माथिल्लो बाटोतर्फ लाग्नुपर्ने हुन्छ।

त्यस्तै कुलेखानी पुगेपछि सिस्नेरी-दक्षिणकाली हुँदै काठमाण्डु जान चाहनेका लागि इन्द्रसरोवर गाउँपालिका-३ स्थित टेकर हुँदै सिस्नेरीतर्फ लाग्नुपर्ने हुन्छ।

त्यस्तै कान्ति लोकपथ हुँदै हेटौंडाबाट ललितपुरतर्फ गएर काठमाण्डु प्रवेश गर्ने विकल्प समेत रहेको छ।

### भोटेकोशी महाविपत्तिः

# सम्पर्कविहीनको खोजीमा परिवारजन



**टुडे समाचारदाता**

जनकपुरधाम । चीनको तिब्बतस्थित हिमताल फुटेपछि गएको विनाशकारी बाढीका कारण सयौंजना घरबारविहीन भएका छन् भने हजारभन्दा बढीका परिवारजनसमेत सम्पर्कविहीन अवस्थामा अझैसम्म पनि छन्।

सोही क्रममा धनुषाकी पूजा साहसमेत आफ्ना श्रीमान् अजय सिंहका लागि दिनानुदिन सम्पर्क गराइदिनका लागि अनुनयविनय गरिरहेकी छन्।

उनी दिनहुँ श्रीमान् अजय सिंहको प्रतीक्षामा मोबाइल हातमा लिएर बस्ने गरेकी छन्। उनको आँखामा निद्रा छैन। मोबाइलको स्क्रिनमा पटक-पटक श्रीमान्‌को नम्बर हेर्छिन्, फोन गर्छिन्। तर, घण्टी बज्दैन। प्रत्येक असफल प्रयाससँगै उनको मनमा आशंका बढे तापनि आँसु झार्दै आश अझै जिवितै राखेकी छन्।

उहाँ जसलाई भेटे पनि "मेरो बुढा कस्तो अवस्थामा हुनुहुन्छ ? त्यहाँ के भइरहेको छ ? केही जानकारी पाएको छैन", रुदै पूजा भन्छिन्, "प्लीज, जसरी भए पनि उहाँको अवस्थाबारे जानकारी पाउँ। मलाई उहाँसँग कुराकानी गराइदिनुस्।" रसुवाको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत धनुषाको कमला नगरपालिका-६ सखुवा मडानको अजय बाढी आउनुअघिसम्म नियमित रूपमा परिवारको सम्पर्कमा थिए। परिवारसँग कुराकानी गर्ने, आफ्नो अवस्थाबारे जानकारी दिने र घरपरिवारको हालखबर सोध्ने उनको दैनिकी थियो। तर, रसुवामा बाढी आएपछि उनी एक्कासी सम्पर्कविहीन भएका छन्।

अजयको सम्पर्कविहीनताको खबरपछि उनको घरमा सन्नाटा छाएको छ। सामान्य दिनचर्या पनि अस्तव्यस्त भएको छ। घरमा परिवारका सदस्यबीच कुराकानी भए पनि सबैको ध्यान मोबाइलमै हुन्छ। अपरिचित नम्बरबाट फोन आउँदा केही खबर आयो कि भन्ने आशा जाग्छ। तर, धेरैपटक ती फोन अपेक्षाविपरीत हुन्छन्। त्यसपछि फेरि शुरु हुन्छ प्रतीक्षा।

पूजाको जस्तै अवस्था अहिले रसुवाको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिका परिवारको छ। कसैका श्रीमान् सम्पर्कविहीन छन्, कसैका दाइ-भाइ त कसैका छोरा छोरीसमेत। रोजगारीका लागि घरदेखि टाढा पुगेका आफन्त विपद्पछि सम्पर्कविहीन हुँदा परिवारका सदस्यहरू अनिश्चितताको पीडामा छन्।

रसुवामा जलविद्युत् आयोजनालगायत विभिन्न क्षेत्रमा काम गर्ने धेरै व्यक्ति बाढी र पहिरोपछि सम्पर्कविहीन भएका छन्। आफन्तहरू उनीहरूको अवस्थाबारे जानकारी लिन प्रहरी, प्रशासन, अस्पताल तथा उद्धारमा खटिएका निकायसम्म पुगिरहेका छन्। कतै आफ्नो मान्छेको नाम भेटिन्छ कि, कतै फोटो देखिन्छ कि वा कसैले "उहाँ सुरक्षित हुनुहुन्छ" भनेर खबर गरिदिन्छ कि भन्ने आशामा उनीहरू दिनरात भौंतारिरहेका छन्।

बाढीले सडक, पुल, घर र बस्तीमा क्षति पुऱ्याएको छ तर त्यसको असर भौतिक संरचनामा मात्र सीमित छैन। विपद्ले धेरै परिवारको शान्ति, खुसी र नियमित जीवनसमेत खोसेको छ। कसैले आफन्त गुमाएको पीडा भोगिरहेका छन् भने कतिपय परिवार अझै 'सम्पर्कविहीन' भन्ने शब्दको अनिश्चिततामा अड्किएका छन्।

पूजाको प्रतीक्षा पनि त्यही अनिश्चिततासँग जोडिएको छ। हातमा मोबाइल, आँखामा आँसु र मनमा श्रीमान्‌को सम्झना बोकेर उहाँ हरेक क्षण अजयको खबर पर्खिरहेकी छन्। "उहाँ जहाँ हुनुहुन्छ, सुरक्षित हुनुहोस्", उनी भन्छिन्। अजयको खोजी र उनको अवस्थाबारे यकिन गर्ने प्रयास जारी छ। तर धनुषामा पूजा भने अझै श्रीमान् फर्किने आशामा छिन्। उनको लागि अहिले समय रोकिएजस्तै भएको छ।


उनले सरकार, सुरक्षा निकाय, स्थानीय प्रशासन, विपद् व्यवस्थापनसँग सम्बन्धित सबै निकायलाई धन्यवाद दिँदै सम्पर्कविहीन अवस्थामा रहेका सबै नागरिकको खोजी र उद्धारलाई प्राथमिकतामा राखिदिनुहुन पनि अनुरोध गरेकी छन्।

रसुवाको भोटेकोशी नदीमा बुधबार आएको बाढी तथा पहिरोपछि मधेश प्रदेशका आठ जिल्लाका १६२ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ। बाढीपहिरोपछि सम्पर्कविहीन भएका १७४ जनामध्ये २३ जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन्। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सम्पर्कविहीन हुनेको संख्या सबैभन्दा बढी सप्तरीमा ४७ जना रहेको छ। सप्तरीमा बाढीपहिरोपछि ४८ जना सम्पर्कविहीन भएकामा एक जना सम्पर्कमा आएका छन्।

त्यस्तै, पर्सामा प्रारम्भिक रूपमा ३९ जना सम्पर्कविहीन भएकामा तीन जना सम्पर्कमा आएपछि ३६ जना अझै सम्पर्कविहीन छन्। बारामा २३ जना सम्पर्कविहीन भएकामा तीन जना सम्पर्कमा आएका छन् भने २० जना अझै सम्पर्कबाहिर छन्। रौतहटमा बाढीपहिरोपछि १७ जना सम्पर्कविहीन भएकामा छ जना सम्पर्कमा आएका छन्। रौतहटमा ११ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ। सर्लाहीमा १५ जना सम्पर्कविहीन भएकामा तीन जना सम्पर्कमा आएपछि १२ जना सम्पर्कविहीन छन्।

महोत्तरीमा प्रारम्भिक रूपमा १७ जना सम्पर्कविहीन भएकामा दुई जना सम्पर्कमा आएका छन्। जिल्लामा १५ जना अझै सम्पर्कविहीन रहेको छ। धनुषामा पाँच जना सम्पर्कविहीन भएकामा चार जना सम्पर्कमा आएपछि एक जना अझै सम्पर्कविहीन छन्। त्यसैगरी, सिरहामा १० जना सम्पर्कविहीन भएकामा एक जना सम्पर्कमा आएका छन् भने नौ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बाढीपहिरोपछि मधेश प्रदेशका आठ जिल्लाबाट सम्पर्कविहीन भएको प्रारम्भिक विवरण १७४ जनाको थियो। शनिबार बिहानसम्म २३ जना सम्पर्कमा आइसकेका छन्।



# भोटेकोशी बाढीबारे समयमै पूर्वसूचना दिन पाएको भए अझ धेरैको ज्यान जोगाउन सकिन्थ्यो'

*काठमाडौँ, १५ भदौः भोटेकोशी नदीमा गत बुधबार आएको अकल्पनीय बाढीले केही मिनेटमै नदी किनारका बस्ती, सडक, पुल र भौतिक संरचनामा ठूलो क्षति पुर्‍यायो । रसुवाबाट सुरु भएको बाढी त्रिशूली हुँदै नुवाकोट, धादिङ, गोरखालगायतका तटीय क्षेत्रमा फैलिँदा धेरै परिवार विस्थापित भएका छन् भने ठूलो जनधनको क्षति भएको छ ।*

*अचानक आएको यो बाढीले एउटा गम्भीर प्रश्न पनि उब्जाएको छ- यति ठूलो विपद्को पूर्वसूचना किन आउन सकेन ? आगामी दिनमा भोटेकोशी र त्रिशूली नदी आसपासको जोखिम कति छ ? बाढीका कारण बनेका ताल अझै फुट्ने अवस्थामा छन् कि छैनन् ? र यस्ता विपद्बाट भविष्यमा नागरिकलाई कसरी सुरक्षित गर्न सकिन्छ ? प्रस्तुत छ, यिनै विषयमा जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् विनोद पराजुलीसँग रासससकर्मी प्रगति ढकालले गर्नुभएको कुराकानीको सम्पादित अंशः*



**विनोद पराजुली**
**बाढीविद्**

**- गत बुधबार हामीले नसोचेको त्यति ठूलो विनाशकारी बाढी आयो । त्यसलाई कतिले हिमजन्य सुनामी पनि भनेर व्याख्या गरेका छन् । बाढी आनुअघि पूर्वसङ्केत अलिकति पनि पाउनुभएन ?**

अब यसको पूर्वसङ्केत हामीले पाएनौँ । मुख्यतः पूर्वसङ्केत पाउनको लागि त्यहाँ जडान गरेका उपकरणहरूले हामीलाई सूचना दिनुपर्ने हुन्छ । रसुवाको सीमा नजिकै एक किलोमिटर जति मात्रै तल स्वचालित जलमापन केन्द्र राखेका थियौँ । बेत्रावतीमा त्यस्तै सेन्सरहरू राखेका थिए । पूर्वसङ्केत दिने ती सेन्सरहरू राखेको स्थानभन्दा पनि धेरै अग्लो स्थानसम्म बाढी आयो । सामान्यतया १० मिटर जति माथि सेन्सरहरू जडान गर्छौं । जुन १०० वर्षको रिटर्न पिरियडको फ्लड भन्छौँ । १०० वर्षमा फर्किन सक्ने बाढीका लागि ती उपकरणहरू राखिएका हुन्छन् तर यसपटक ती सबै उपकरणहरू एकैचोटी बगाएको अवस्था भयो र हामीले पनि कुनै सूचना पाउन सकेनौँ ।

ताल फुट्दै गर्दाको सूचना लिनको लागि हामीसँग कि त त्यो ठाउँमा सिसी क्यामेरा अथवा केही 'रियल टाइममा मनिटरिङ'मा हुनुपर्छ । कि त कुनै पनि भूकम्पको कम्पन मापन भएको सूचनाको आधारमा हामीले निर्णय लिनुपर्छ । अब हामीलाई भूकम्पसम्बन्धी सूचनाको पनि 'रियल टाइम एक्सेस' थिएन । फेरि भूकम्पको कम्पन मापन हुँदैमा सबै हिमपहिरो जान्छन् भन्ने पनि छैन । निर्णय लिन अलि कति कठिन छ । भविष्यमा त्योतर्फ काम गर्न सकिन्छ कि भन्ने छ । बाढी जाँदाको अवस्थामा हामीहरूसँग भएको संयन्त्र सबै फेल भयो । एकातिर हाम्रा जलमापन केन्द्र यति ठूलो बाढीका लागि थिएन भन्ने प्रमाणित भएको छ । सीमा नदीमा बाढी मापन गर्ने चीनतर्फ कुनै सेन्सर थियो वा थिएन, त्यो जानकारीमा छैन । उहाँहरूबाट सूचना प्राप्त हुन सकेन । अथवा थियो भने पनि त्यो पनि सुरुमै बगाएको हुनसक्छ किनकि चीनतर्फ पनि ठूलो मानवीय क्षति भएको छ ।

**- अघिल्लो वर्ष पनि हिमताल फुटेर भोटेकोशीमा बाढी गयो । त्यसबेला नेपाल-चीन सीमाक्षेत्रमा भएको जलवायुजन्य विपद्सम्बन्धी पूर्वसूचना आदानप्रदान गर्ने भनेर सहमति भएको होइन र ?**

त्यो सहमति औपचारिक सहमति भएको पनि छैन । खाली हामी वार्ताको टेबलमा बस्यौँ र छलफल गर्‍यौँ । अब हामी यो दिशामा जानुपर्छ भन्ने सहमति भने भयो । अब हामी तथ्याङ्क आदानप्रदानमा पुग्नुपर्छ । त्योभन्दा अगाडि तथ्याङ्क सङ्कलनमै काम गर्नुपर्छ । संयुक्त अनुसन्धान हुनुपर्छ । त्यो क्षेत्रमा अध्ययन अनुसन्धान गरेर कहाँ-कहाँ जोखिम छ, कहाँ-कहाँ सेन्सरहरू राख्ने भन्ने कुरा सबै एकिन नगरिकन हामी तथ्याङ्क आदानप्रदानमा पुग्न सक्दैनौँ । हामीलाई जानकारी भएसम्म तिब्बतको यो क्षेत्रमा र नेपालकै पनि क्षेत्रमा, बोर्डर सीमाको क्षेत्रमा त्यस किसिमको तथ्याङ्क आदानप्रदानमा गर्नका लागि तथ्याङ्क सङ्कलन अथवा तथ्याङ्क सर्भेक्षण प्रणाली नै थिएन ।

मलाई लाग्छ कि चीन सरकारसँग तथ्याङ्क हुन्थ्यो भने हामीलाई प्राप्त हुन सक्थ्यो । अब त्यो तथ्याङ्क उहाँहरूसँग थियो भने चीनले पनि आफ्नो क्षेत्रको जनसङ्ख्यालाई जोगाउन सक्थ्यो नि । त्यसकारण चीनलाई दोष दिने ठाउँ छैन । तर भविष्यमा नेपाल र चीनले संयुक्त रूपमा कसरी यो किसिमको सर्भेक्षण संयन्त्रलाई विस्तार गर्ने, सिसी क्यामेरालगायत जडानलाई विस्तार गर्ने र त्यसको 'रियल टाइम एक्सेस' नेपाललाई पनि दिने, ताकि भोलिका दिनमा हामी त्यस्तै विपद् हुँदा समयमै पत्ता पाउन सकौँ र हाम्रा नागरिकलाई जोगाउन सकौँ भन्ने विषयमा कूटनीतिक पहल गर्न आवश्यक छ ।

**- हामीले अझै केही समय अगाडि नै पूर्वसूचना दिन सकेको भए क्षति कम गर्न सकिन्थ्यो कि ? अथवा समयमै सूचना पाएर पनि केही मानिसले त्यसलाई गम्भीर रूपमा नलिादा क्षति बढेको हो ? यो घटनालाई तपाईंहरूले कसरी हेर्नुभएको छ ?**

त्यसमा दुवै विषय सत्य छन् । पहिलो, हामीले पूर्वसूचना दिएकै स्थानमा पनि बेत्रावती वा सोभन्दा तल क्षति हुन पुग्यो । सूचना पाउँदापाउँदै पनि किन क्षति भयो त भन्दा नागरिकले यो यति ठूलो बाढी हो भनेर आँकलन गर्न सक्नुभएन । एकातिर हामीले पनि यति ठूलो बाढी भनेर सूचनामा राखेका थिएनौँ । हाम्रो सूचनामा 'धेरै ठूलो बाढी छ, सुरक्षित ठाउँमा, अग्लो स्थानमा जाऔँ' मात्रै भनेका थियौँ तर नागरिकलाई यो बाढी यति ठूलो छ र यसले गाउँबस्ती नै सखाप पार्छ भन्ने लागेन । बाढी त हरेक वर्षजसो आइराखेकै हुन्छ, त्योभन्दा अलि ठूलो होला भन्ने मात्रै सोच्नुभयो जस्तो देखिन्छ ।

अर्कोतर्फ, जति नागरिकले ठूलो बाढी हुनसक्छ भन्ने आकलन गर्नुभयो र आफूलाई सुरक्षित गर्न अग्लो ठाउँमा जानुभयो, उहाँहरू जोगिनुभएको छ । त्यसकारण यसमा नागरिकको केही हेलचेक्र्याइँ पनि मिश्रित छ । यदि हामीसँग योभन्दा केही अगाडि नै सूचना दिनसक्ने अवस्था रहन्थ्यो भने केही बढी नागरिकलाई सुरक्षित गर्न सकिन्थ्यो होला । तर यसको आकलन गर्न नसकेको अवस्था हेर्दा त्यति धेरै नागरिकलाई पहिले नै सूचना दिएको भए पनि जोगाउन सकिने अवस्था थिएनजस्तो देखिन्छ किनभने खासगरी बेत्रावती र विदुरलगायत क्षेत्रमा नागरिकहरूले थाहा पाउँदापाउँदै पनि घर छोडेर नहिँडेको थुप्रै ठाउँ देखियो ।

बाढी बेत्रावती आइपुग्नु अगाडि नै हाम्रो सूचना पुगेको थियो र पनि मानवीय क्षति भयो । त्यहाँ क्षति भएपछि भने तल्लो क्षेत्रका नागरिकहरूले अब सतर्क भएर मात्रै पुग्ने रहेनछ, जोगिनका लागि पहाडै चढ्नुपर्ने रहेछ भन्ने महसुस गर्नुभयो । त्यसपछि धेरै नागरिक घर छोडेर पहाडतिर उक्लिनुभयो र उहाँहरू ज्यान जोगाउन सफल हुनुभयो । केही अगाडि सूचना दिन सकेको भए केही बढी नागरिकलाई जोगाउन सकिन्थ्यो, अवश्य पनि हो । तर पूर्ण रूपमा जोगाउन सक्ने अवस्था रहेनछ, किनकी नागरिकले पनि बाढीको वास्तविक जोखिमलाई त्यति आकलन गर्न सक्नुभएन ।

**- यसपटकको बाढीबाट हामीले सिकेको मुख्य पाठ के हो नि ?**

अब यसबाट हामीले सिकेको विषय भनेको कुनै पनि विपद्को पूर्वसूचनालाई बेवास्था गर्न नहुने पाठ सिकियो । नागरिकले त्यो सानो होस् वा ठूलो बाढी, आफूलाई सुरक्षित ठाउँमा लैजानैपर्छ किनभने सानै बाढीमा पनि सुरक्षित ठाउँमा पुग्दा हामीलाई केही क्षति हुँदैन तर ठूलो बाढी आएको रहेछ भने त क्षतिबाट जोगिन सक्यौँ नि । त्यसकारण भविष्यमा हामीले जारी गर्ने कुनै पनि सूचना वा माथिल्लो क्षेत्रबाट नागरिकहरूले पठाउने कुनै पनि सूचनालाई नजरअन्दाज नगरौँ । त्यो सूचनामा अति ठूलो बाढी पनि भनिएको हुनसक्छ या नभनिएको पनि हुन सक्छ ।

बाढी आउँदै छ भन्ने सूचना पाउनेबित्तिकै नागरिक नजिकैको अग्लो भूभागतिर जान पहाडी क्षेत्रमा त केही मिनेटको समय मात्रै काफी छ । यो सिकाइ भोटेकोशी बाढीबाट भएको छ । सोही नदीमा र अन्य नदीहरूमा पनि उत्तिकै जोखिमका क्षेत्रहरू छन् । त्यसकारण भविष्यमा देशैभरका हिमाली क्षेत्रबाट बग्ने जति पनि नदीहरू छन्, ती सबै नदीका छेउछाउ बस्ने बासिन्दाहरूले आफूलाई नजिकैको अग्लो सुरक्षित स्थानमा पुर्‍याउनका लागि अगाडि नै तयारी गर्नुपर्छ ।

**-अझै पनि जोखिम कायमै छ । हिमताल थुनिएको छ र जुनसुकै बेला फुट्नसक्ने जोखिम रहेको बताइएको छ । त्यस्तै साना-साना पहिरो खसेर खोलासमेत थुनिएको अवस्थामा अबको जोखिम कत्तिको देख्नुहुन्छ ?**

अहिलेसम्मको सूचनामा दुईवटा ताल बनेको खबर छ । ती दुईवटा तालमध्ये तल्लो ताल आंशिक रूपमा शनिबार राति खुलेको भनेर सूचना आएको छ । त्यसले गर्दा आइतबार बिहानपख करिब तीन मिटर जतिको बाढी हामीले धादिङको गल्छीमा मापन गरेका छौँ । हामीले त्यहाँ नयाँ केन्द्र सञ्चालनमा ल्याएका छौँ । जुन पुल बगाएको थिएन, त्यो पुलमा जलमापन केन्द्र राखिएको छ । त्यसकारण त्यो तीन मिटरको बाढी ठूलै बाढी हो । तर पनि गत बुधबारको बाढीभन्दा सानो थियो र प्रभावित क्षेत्रबाहिर रहेकाले क्षति हुने किसिमको बाढी थिएन ।

अहिले पनि त्यहाँ एउटा ताल पूर्णतया बाँकी नै छ र त्यो ताल फुट्नसक्ने जोखिममा पनि छ भनिएको छ । त्यसकारण हामीले तल्लो क्षेत्रका नागरिकलाई सजग गराइराख्ने छौँ । त्यो ताल जोखिममा छैन भन्ने अवस्था नहुँदासम्म तलका उद्धार तथा राहतका कार्यक्रमहरूलाई पनि सतर्कतासहित गर्नुपर्ने खाँचो छ ।

**- त्यो तालको जोखिम न्यूनीकरण गर्न तत्काल केही उपाय गर्न सकिँदैन ?**

अहिले तत्काल स्थलगत केही काम गर्न जोखिम नै छ । थप पहिरोहरू खस्न सक्छन् र त्यहाँ जो कामका लागि जानुहुन्छ, उहाँहरू आफैँ जोखिममा पर्ने समस्या छ । भविष्यमा त्यो ताल नफुट्दै हामीले त्यसताललाई कसरी खोलेर पानी निकास दिन सक्छौँ र जोखिम कम गर्न सक्छौँ भन्ने सोच्ने विषय भए पनि तत्कालका लागि चाहिँ त्यो ताल फुट्यो भने पूर्वसूचना दिने र मानिस जोगाउने विकल्प मात्रै बाँकी छ ।

**- कतिपय ठाउाका नागरिकहरू अहिले पनि बाहिरै बस्नुभएको छ । अब उहााहरू ाआनो बस्ती सुरक्षित भयो भनेर ढुक्कका साथ कहिलेदेखि घर फर्केर बस्न सक्ने अवस्था आउला ?**

जुन बस्ती यो बाढीले डुबायो, बगायो, ती ठाउँमा अब कहिल्यै पनि सुरक्षित छैन । त्यो कुरा चाहिँ स्पष्ट हो । अब बस्ती सग्लो भए पनि पूर्वसूचनामा अद्यावधिक हुँदै बस्न सकिन्छ, नसकिने त होइन । तर पनि त्यहाँ नबस्नका लागि हामी सिफारिस गर्छौं किनभने गत बुधबारको भन्दा ठूलो बाढी जाने सम्भावना पनि छ । जुन बाढी हामीले अहिलेसम्मकै ठूलो बाढी भनेर देख्यौँ, योभन्दा ठूलो बाढी पनि सम्भव छ, किनकि ठूला हिमतालहरू अझै पनि उपल्लो क्षेत्रमा छन् । योभन्दा ठूलो हिमपहिरोहरू जानसक्ने सम्भावनाहरू पनि हामी आकलन गर्न सक्छौँ ।

अब नागरिकले तत्कालका लागि अर्को व्यवस्था नहुँदासम्म सोही क्षेत्रमा बस्नुपर्ने बाध्यताका बीच पूर्वसूचना लिँदै बस्नुपर्ने एउटा आवश्यकता देखिन्छ भने दीर्घकालीन रूपमा उहाँहरूले आफ्नो बासस्थान परिवर्तन गर्नुपर्‍यो, सुरक्षित ठाउँमा स्थानान्तरण हुनुपर्‍यो । यो त्यहाँको मात्रै लागि होइन, देशैभरि जति पनि खोलाका छेउछाउ, नदीका छेउछाउका त्यस्ता बस्तीहरू छन्, ती सबैले सोच्नुपर्ने अवस्था छ । ती बस्तीहरूलाई कसरी स्थानान्तरण गर्ने, कहाँ स्थानान्तरण गर्ने र खासगरी विपन्नता भएका थुप्रै नागरिक खोलाका छेउछाउ बसोबास गर्नुहुन्छ, उहाँहरूलाई नयाँ ठाउँमा बसोबासका लागि राज्यले कसरी सहयोग गर्ने ? राज्यले पनि सोच्नुपर्छ ।

हामीले पूर्वसूचना प्रणालीलाई केही विस्तार र विकास गर्नेछौँ किनभने बस्तीहरूलाई हामी त्यहाँबाट बाहिर निकाल्न सकौँला, तर जलविद्युत् आयोजना, सिँचाइ आयोजना, सडक, पुलहरू सबै त खोलाकै आसपास हुन्छन् । त्यसैले यात्रा गर्ने यात्रीहरू, आयोजनामा काम गर्ने कामदारहरू, सुरक्षा निकायका व्यक्तिहरू, सबैलाई सुरक्षित गर्नका लागि पूर्वसूचना त फेरि चाहिन्छ नै । नागरिक पनि कृषि कर्म वा अन्य विभिन्न काममा खोलाको छेउछाउ त हुनुहुन्छ ।

भविष्यमा बस्तीहरूलाई स्थानान्तरण गर्न सकियो भने त्यसले भौतिक र मानवीय दुवै क्षति कम गर्न सहयोग पुर्‍याउँछ । बाढीको घटना पछाडिको अत्यन्तै महत्त्वपूर्ण सिकाइ यो पनि हो । यो सिकाइ हामीले विगतका घटनाहरूबाट पनि सिक्दै आएका हौँ, तर यो अझ ठूलो विपद् हुँदै गर्दा अझ हामी सुरक्षित ठाउँमा जानुपर्छ भन्ने सिकाइ चाहिँ भएको छ ।

**- जलमापन केन्द्रहरू बगेपछि अहिले पूर्वसूचना सङ्कलन गर्न कत्तिको चुनौती थपिएको छ नि ?**

एकदमै चुनौतीपूर्ण छ । त्यही चुनौतीका बीच हामीले सीमा क्षेत्रमा सीसी क्यामेरा राखेर अहिले तत्कालका लागि काम गर्ने प्रयास गरिरहेका छौँ । आइतबार पनि एउटा टोली सीसी क्यामेरा जडानको सम्भाव्यता अध्ययनका लागि त्यसतर्फ गइसकेको पनि छ । अहिले हामी कम्तीमा दुईवटा राख्न सक्छौँ कि भन्ने योजना छ । त्यो भयो भने हामी दिनरात यहाँ कन्ट्रोल रुममा बसेर सीसी क्यामेरामार्फत प्राप्त तस्बिरहरू अध्ययन गर्दै सूचना दिन सक्नेछौँ । तत्कालै हामी नदीमा पानीको बहाव नाप्ने स्वचालित उपकरण राख्न सक्ने अवस्थामा छैनौँ । त्यहाँ भएका पुलहरू सबै बगाएका छन् । सबै दलदल छ, हिलो छ र त्यहाँ गएर पुनः अर्को केन्द्र राख्नसक्ने अवस्था चाहिँ देखिँदैन ।

**- अन्त्यमा भोटेकोशी बाढी प्रभावित नागरिकहरूलाई के भन्न चाहनुहुन्छ ?**

भोटेकोशी बाढी प्रभावित नागरिकहरूलाई हामी उच्च मनोबलका साथ रहन, कुनै पनि बाढीसम्बन्धी, पहिरोसम्बन्धी अथवा विपद्सम्बन्धी कुनै पनि सूचनासँग अद्यावधिक रहन अनुरोध छ । कतिपय सूचना हामीले जारी नगर्ने तर घटना घट्ने पनि हुन सक्छन् । त्यसैले त्यहाँका स्थानीय नागरिकले त्यो खबर पाउनेबित्तिकै तल्लो क्षेत्रमा रहनुहुनेहरूले प्रवाह गरिदिन पनि अनुरोध गर्दछौँ । हामी सबै मिलेर यो विपद्सँग जुध्न कोसिस गर्‍यौँ भने जनधनको क्षति कम गर्न सकिन्छ ।




## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज काममा नयाँ अवसर प्राप्त हुनेछ । |
| वृष : | आज तपाईंको मेहनतले अपेक्षित परिणाम दिनेछ । |
| मिथुन : | आज जिम्मेवारी बढे पनि कार्यक्षमताले सफलता दिलाउनेछ । |
| कर्कट : | आज मनमा उत्साह र आत्मविश्वास बढ्नेछ । |
| सिंह : | आज नयाँ जिम्मेवारी प्राप्त हुनसक्छ । |
| कन्या : | कार्यालयमा तपाईंको मेहनतको मुल्याङ्कन हुनेछ । |
| तुला : | नयाँ काम वा सम्झौताको अवसर प्राप्त हुनसक्छ । |
| वृश्चिक : | आज चुनौतीपूर्ण काम पनि आत्मविश्वासका साथ पुरा गर्नुहुनेछ । |
| धनु : | आज रोकिएका योजना अघि बढ्नेछन् । |
| मकर : | जागिरमा महत्वपूर्ण जिम्मेवारी आउन सक्छ । |
| कुम्भः | आज सिर्जनात्मक सोचले सफलता दिलाउनेछ । |
| मीनः | आज चन्द्रमा आफ्नै राशिमा रहेकाले आत्मविश्वास र संवेदनशीलता बढ्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कैदीबन्दीहरुद्वारा एक लाखभन्दा बढीको राहत सहयोग



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लास्थित जलेश्वर कारागारमा रहेका कैदीबन्दीहरूले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहतका लागि आर्थिक सहयोग गरेका छन् ।

कारागारमा रहेका ४ सय ५५ जना कैदीबन्दीले आपसमा चन्दा संकलन गरी १ लाख १ हजार १ सय ५ रुपैयाँ प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरेका हुन् । विपद्को समयमा पीडित नागरिकलाई आफ्नो तर्फबाट पनि सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ कैदीबन्दीहरूले स्वेच्छाले रकम संकलन गरेको कारागार कार्यालय महोत्तरीले जनाएको छ ।

आफूहरू कारागारभित्र रहे पनि देशमा परेको विपद् र त्यसबाट प्रभावित नागरिकप्रति मानवीय संवेदना प्रकट गर्दै सहयोग जुटाइएको हो । कैदीबन्दीहरूले संकलन गरेको रकम सम्बन्धित प्रक्रियामार्फत प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरिएको कारागार प्रशासनले जनाएको छ ।

विपद्का कारण ठूलो जनधनको क्षति भइरहेका बेला जलेश्वर कारागारका कैदीबन्दीहरूले गरेको यो सहयोगले मानवीय भावना र सामाजिक उत्तरदायित्वका लागि आर्थिक अवस्था वा परिस्थितिले सीमा नछेक्ने सन्देश दिएको छ ।

बाढी तथा प्राकृतिक विपद् बाट प्रभावित परिवारको उद्धार, राहत तथा पुनःस्थापनाका लागि विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेका बेला कैदीबन्दीहरूको यो योगदान पनि राहत अभियानमा थपिएको छ ।

# शव पहिचान गर्न भारतीय फोरेन्सिक आइपुगे

**टुडे समाचारदाता**

काठमाण्डू । रसुवा लगायतका नदी क्षेत्रमा आएको विनाशकारी बाढीमा ज्यान गुमाएकाहरूको पहिचानका लागि सहयोग गर्न भारतीय फरेन्सिक टोली नेपाल आइपुगेको छ ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले काठमाडौं आइपुगेको भारतीय फरेन्सिक टोलीका सदस्यहरूसँग भेट गरेका छन्। भारतबाट आएको चौथो राहत उडानमार्फत टोली नेपाल आएको हो ।

भारतीय दूतावासका अनुसार फरेन्सिक टोलीले नेपाली विज्ञ तथा सम्बन्धित निकायसँग समन्वय गरी मृतकहरूको डीएनए नमुना विश्लेषण तथा पहिचान प्रक्रियामा सहयोग गर्नेछ। विशेषगरी रसुवामा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूको पहिचानका लागि टोली परिचालन हुनेछ ।

बाढीपछि नदी किनार तथा विभिन्न स्थानमा भेटिएका शवको पहिचान चुनौतीपूर्ण बनिरहेका बेला भारतीय फरेन्सिक टोलीको सहयोगले पहिचान प्रक्रिया थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

राजदूत श्रीवास्तवले टोलीका सदस्यहरूसँग भेट गर्दै नेपालमा जारी राहत तथा उद्धार प्रयासमा भारतले निरन्तर सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।



भारतीय पक्षले नेपालमा भइरहेको राहत, उद्धार तथा पुनःस्थापनाका प्रयासमा आवश्यक सहयोग जारी राख्ने जनाएको छ। भारतले यसअघि पनि बाढी प्रभावितका लागि विभिन्न चरणमा राहत सामग्री, स्वास्थ्यकर्मी, उद्धार विज्ञ तथा अन्य आवश्यक सहयोग नेपाल पठाइसकेको छ ।

यसैबीच नेपाल-चीन सीमा क्षेत्रमा दुई वटा सिसी क्यामेरा जडान गर्ने काम सोमवारदेखि सुरु गरिएको छ। भोटेकोशी नदीमा आएको बाढीपछि बनेको ताल जुनसुकै बेला फुट्न सक्ने सम्भावना रहेकाले त्यसबाट उत्पन्न हुनसक्ने जोखिमको निगरानी गर्न क्यामेरा जडान गर्न लागिएको हो ।

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रका अनुसार ताल फुटेर आउनसक्ने बाढीको जोखिमबारे समयमै सूचना प्राप्त गर्न सीमा क्षेत्रमा क्यामेरा जडान गर्न थालिएको हो ।

बाढीविद् सौहार्द जोशीले क्यामेरा जडान भएपछि नदीको बहाव र तालको अवस्थालाई प्रत्यक्ष दृश्य निगरानी गर्न सहज हुने बताए। उनका अनुसार यसबाट सम्भावित जोखिमको आकलन गर्न तथा आवश्यक पूर्वसूचना प्रवाह गर्न सहयोग पुग्नेछ ।

यही भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सीमा क्षेत्रमा बनेको तालका कारण तल्लो तटीय क्षेत्रमा थप जोखिम हुनसक्ने भन्दै निगरानी बढाइएको हो । क्यामेरामार्फत ताल तथा नदीको अवस्थाबारे नियमित जानकारी संकलन गरी सम्भावित जोखिमबारे स्थानीयवासीलाई समयमै पूर्वसूचना दिने उद्देश्य राखिएको छ ।

# प्रदेश प्रमुख कर्णले गरे एक महिनाको तलब राहत दिने घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले आफ्नो एक महिनाको पारिश्रमिक प्रदान गर्ने घोषणा गरेका छन् ।

प्रदेश प्रमुख कार्यालय जनकपुरधामले सोमबार जारी गरेको विज्ञप्तिअनुसार प्रदेश प्रमुख कर्णले आफ्नो एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने भएका हुन् ।

गत भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको भन्दै प्रदेश प्रमुख कर्णले विपद्बाट प्रभावित नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गर्ने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाढीबाट प्रभावित नागरिकको तत्काल उद्धार, राहत वितरण तथा विस्थापितको पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले पारिश्रमिक सहयोग गर्न लागिएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ ।

प्रदेश प्रमुख कार्यालयका प्रवक्ता सञ्जीपकुमार दुब्बेद्वारा जारी विज्ञप्तिमा प्रदेश प्रमुख कर्णको उक्त सहयोगले विपद् को समयमा पीडित नागरिकप्रति ऐक्यबद्धता र मानवीय सहयोगको सन्देश दिने विश्वास व्यक्त गरिएको छ ।



# कौडेना अध्यक्ष बब्लू गरे कांग्रेस परित्याग

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमार (बब्लु) ले कांग्रेस पार्टी परित्याग गरेको घोषणा गरेका छन् ।

२०७९ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट गाउँपालिका अध्यक्षमा निर्वाचित बब्लुले फेसबुकमा स्टाटस पोस्ट गरी पार्टी परित्याग गरेको घोषणा गरेका छन् । स्टाट्स मार्फत नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई सम्वोधन गरी लेखिएको पत्रमा आफूले कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।

गाउँपालिका अध्यक्ष बब्लुले अहिलेको बद्लिएको कांग्रेस र पार्टी सभापति थापालाई शुभकामना व्यक्त गर्दै पार्टीको साधारण सदस्यधरी नरहने गरी पार्टी छाडेको घोषणा गरेका छन् ।

उनले आफ्नो स्टाटसमा पार्टी परित्याग गर्नुको कारण भने खुलाएका छैनन् । यद्यपी उज्यालो अभियानसँगको फोन कुराकानीमा भने क्रियाशिल सदस्यता वितरण लगायत सवालमा पार्टी नेतृत्वलाई पटक-पटक ध्यानाकर्षण गराउँदा सुनुवाई नभएपछि आफु पार्टी नै छोड्ने मनस्थितीमा पुगेको अध्यक्ष बब्लुले बताए ।

# बाढीमा भारतीय नागरिक घोष बेपत्ता

**टुडे समाचारदाता**

रौतहट । रसुवास्थित माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा प्रशासनतर्फ कार्यरत ४२ वर्षीय भारतीय नागरिक रामप्रसाद घोष भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन भएका छन् ।

गत १० भदौमा आएको विनाशकारी बाढीपछि घोषको मोबाइल सम्पर्कविहीन छ । बाढी आउनुभन्दा एक दिनअघि अर्थात् ९ भदौ साँझ परिवारसँग भएको कुराकानी नै उनीसँगको अन्तिम सम्पर्क बनेको परिवारले जनाएको छ।

त्यसपछि पटक-पटक सम्पर्क गर्ने प्रयास गरिए पनि मोबाइल नलागेपछि परिवार चिन्तित बनेको छ। बाढीले आयोजनास्थल तथा आसपासका क्षेत्रमा ठूलो क्षति पुऱ्याएका कारण घोष कहाँ छन् र उनको अवस्था कस्तो छ भन्ने विषयमा परिवार थप अन्योलमा परेको छ। भारत झारखण्ड राँची



स्थित घोषको गाउँ नजिकको थानाका सब-इन्स्पेक्टर मनिष कुमार श्रीवास्तवले पनि उनी बाढीपछि सम्पर्कविहीन रहेको पुष्टि गरेका छन् ।

श्रीवास्तवले घोषसँग परिवारले ९ भदौ साँझ कुराकानी गरेको थियो। त्यसपछि भने उनको कुनै खबर प्राप्त भएको छैन भनेका छन् ।

प्राकृतिक विपत्तिपछि कुनै व्यक्तिसँग लामो समयसम्म सम्पर्क हुन नसक्दा परिवारका लागि हरेक क्षण प्रतीक्षाको हुन्छ । घोषको अवस्था वा हालको स्थानबारे कसैलाई जानकारी भए परिवार वा सम्बन्धित सुरक्षा निकायलाई तत्काल जानकारी गराइदिन आग्रह गरिएको छ ।

उनी माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा प्रशासनतर्फ कार्यरत थिए । परिवारले घोष सकुशल भेटिने आशा अझै नछाडेको जनाएको छ ।

खोजी तथा उद्धारमा संलग्न निकाय, स्थानीयवासी तथा सम्बन्धित सबै पक्षलाई उनीबारे कुनै सूचना प्राप्त भए तत्काल जानकारी गराई खोजी कार्यमा सहयोग गरिदिन परिवारले भावपूर्ण अपिल गरेको छ ।

# रसुवाको बाढीमा पुल र सडकमा करीब २० अर्बको क्षति

**टुडे समाचारदाता**

काठमाण्डू । रसुवाको भोटेकोसी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र गोरखा जिल्लामा भौतिक पूर्वाधारतर्फ ठुलो क्षति पुगेको छ ।

सडक विभागका अनुसार बाढीले सडक र पुल संरचनामा मात्रै करिब २० अर्ब रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । सडक सञ्जालमा मात्रै करिब १० अर्ब र पुलतर्फ १० अर्ब रुपैयाँको क्षति भएको अनुमान गरिएको छ ।

क्षतिको यो परिमाण अत्यधिक ठुलो भएकाले भत्किएका संरचनाहरूको स्थायी पुनर्निर्माण गर्न वर्षौं लाग्ने र लागत पनि साविकभन्दा निकै बढी हुने विभागले जनाएको छ ।

सडक विभागको स्थलगत प्राविधिक विवरण अनुसार बाढीले ४० किलोमिटरभन्दा बढी सडक



पूर्ण रूपमा क्षति पुऱ्याएको छ। यसका साथै भोटेकोसी तथा त्रिशूली नदीमा रहेका ४१ वटा प्रमुख पुलमध्ये ३२ वटा पुल बाढीले पूर्ण रूपमा बगाएको छ भने ३ वटा पुल क्षतिग्रस्त भएका छन् ।

बाढीले नेपाल-चीन सीमा जोड्ने रणनीतिक महत्त्वको रसुवागढीस्थित 'मितेरी पुल', रसुवाका टिमुरेका बेलिब्रिजहरू, चिलिमे, स्याफ्रुबेंसी, मैलुङ र हाकु क्षेत्रका जलविद्युत् आयोजनाका पुलहरू नष्ट गरेको छ ।

यस्तै, बेत्रावतीका पुराना र नयाँ पक्की पुल, त्रिशूली बजार, देवीघाट, धादिङतर्फका झरेबगैंचा, घाटबेंसी र फुर्केखोलालगायतका पुलहरू बग्दा मुग्लिङ आर्च ब्रिज, फिस्लिङ र बेनिघाट लगायतका जम्मा ६ वटा पुल मात्र सुरक्षित रहन सफल भएका छन् ।

सडक र पुलहरू ध्वस्त हुँदा चीनसँगको प्रमुख व्यापारिक नाका रसुवागढीसँगको द्विपक्षीय यातायात सम्पर्क पूर्ण रूपमा विच्छेद भएको छ भने स्थानीय बस्तीहरूमा खाद्यान्न तथा औषधिको ढुवानीमा गम्भीर समस्या उत्पन्न भएको छ । यस विषम परिस्थितिमा सडक विभागको प्राविधिक टोली अवरुद्ध सडक खुलाउन स्थलगत रूपमा खटिएको छ ।

पहिलो चरणमा राजधानीलाई रसुवासँग जोड्न बेत्रावती खण्ड सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ र जोखिमयुक्त मानिएको तिरतिरे भीर क्षेत्रमा अस्थायी ट्र्याक खुलाउने काम तीव्र पारिएको बताइएको छ ।

तत्कालका लागि डाइभर्सन, ह्युमपाइप र बेलिब्रिजको प्रयोग गरेर यातायात सञ्चालन गर्ने तयारी गरिएको भए पनि बगेका ३२ वटा पक्की पुल र मुख्य सडकहरूको स्थायी पुनर्निर्माणका लागि भने दीर्घकालीन गुरुयोजना, ठुलो वित्तीय स्रोत र लामो समय आवश्यक पर्ने देखिएको छ ।

# मदिरा बोकेका कारसहित ७ भारतीय पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । पूर्व पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत सर्लाहीको विभिन्न स्थानबाट मदिरा ओसार पसार गरिरहेको दुई भारतीय नम्बरको गाडी सहित ७ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

बागमतीस्थित इलाका प्रहरी कार्यालय कर्मैयाको टोलीले सोमबार बिहान साँढे ३ बजे चेकजाँच गर्ने क्रममा नवलपरासी जिल्लाबाट पुर्वतर्फ आउदै गरेको डीएल १० सीई ६१६० नम्बरको भारतिय टोयटा कारको पछाडिको सिट मुनि फल्स बटन बनाइ लुकाई छिपाई राखेको ४ लाख ४४ हजार १०० रुपैंया बाराबरको बिल बिजक बिनाको मदिरा बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मलंगवाका प्रवक्ता प्रहरी नायव उपरीक्षक वेद प्रसाद गौतमका अनुसार कारबाट ८० बोतल भोड्का, ८७ बोतल रोयल स्ट्याग (ठूलो) १३० बोतल रोयल स्ट्याग (सानो) बरामद् भएको छ ।

इलाका प्रहरी कार्यालय कर्मैयका प्रमुख प्रहरी नायब निरीक्षक रोशन लामिछानेको कमाण्डमा खटिएको टोलीद्वारा मदिरासहित कारमा सबार भारतको गौतम बुद्ध निवासी ४० वर्षीय अनिल शर्मा, नजवगढ साउथ वेस्ट २८ वर्षीय मो. सारुख अन्सारी, सितामाढी



रेवासी निवासी २१ वर्षीय प्रबेन्द्र कुमारलाई नियन्त्रणमा लिएर आवश्यक कारबाही प्रकृया अगाडी बढाइएको प्रवक्ता गौतमले जानकारी दिए ।

यसअघि आइतवार जिल्लाको कर्मैयास्थित इलाका प्रहरी कार्यालयको टोलीले विभिन्न 'ब्राण्ड'का मदिरा बोकेको कारसहित चारजना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको थियो ।

बारा जिल्लाबाट सर्लाहीको मलंगवा आउँदै गरेको डिएल २ सीएपी ०४१८ नम्बरको भारतीय कार चेकजाँच गर्दा पछाडिको सिट मुनी र अगाडि 'फल्स बटन' बनाएर राखेको १३ लाख ५५ हजार रुपैया बराबरको मदिरा बरामद् गरेको थियो ।

प्रवक्ता गौतमका अनुसार कारबाट ५० बोतल रेड लेबल, २४ बोतल रोयल स्ट्याग, ३५ बोतल म्याकड्वेल्स (ठूलो), ३९ बोतल म्याकड्वेल्स (सानो) बरामद गरिएको थियो ।

बिल बिजक नभएको उक्त मदिरा राखिएको कारमा सबार भारत सीतामाढी जिल्ला हरनैया पंचायत-३ निवासी ३३ वर्षीय दिपक कुमार सिंह, बेतिया जिल्ला हतिया पंचायत-८ निवासी ३६ वर्षीय अल्बु यादव, बेतिया जिल्ला लैरीया पंचायत-६ निवासी ३० वर्षीय कुष्णा भगत र वडा नं. ४ निवासी २० वर्षीय आलोक कुमारलाई नियन्त्रणमा लिएर आवश्यक कारबाही प्रकृया अगाडी बढाइएको प्रनाउ गौतमले जानकारी दिए ।

भारतको बिहार प्रान्तमा मदिरा बिक्री वितरण तथा सेवन प्रतिबन्ध भएकाले उक्त महंगा ब्राण्डका मदिराहरु नेपालबाट 'तस्करी' गरेर अत्यन्त महंगोमा बिक्री गर्ने मनसायका साथ ओसार पसार गरेको हुनसक्ने अनुमान गरिएको छ ।

# बेपता सोनालालको कुशको प्रतिकात्मक बनाई अन्तिम संस्कार

**टुडे समाचारदाता**

वीरगञ्ज । रसुवाको भोटेकोशीमा आएको बाढीमा ६ दिनदेखि बेपत्ता रहेका पर्साको पोखरिया नगरपालिका-७ रानीगन्जका सोनालाल पण्डित फेला नपरेपछि उनको परिवारले कुशको प्रतीकात्मक आकृति बनाएर हिन्दु धार्मिक तथा सामाजिक परम्पराअनुसार अन्तिम संस्कार गरेका छन् ।

रसुवामा बाढी-पहिरो आएपछि सम्पर्कविहीन भएका पण्डितको लामो समयसम्म खोजी गर्दा पनि कुनै अत्तोपत्तो नलागेपछि परिवारले सोमबार अवस्थाबारे कुनै जानकारी प्राप्त हुन नसकेपछि धार्मिक परम्पराअनुसार प्रतीकात्मक रूपमा अन्तिम संस्कार गरिएको परिवारले जनाएको छ ।

यद्यपि, परिवारले उनको वास्तविक अवस्था अझै पुष्टि नभएको भन्दै खोजी कार्य भने नरोक्न आग्रह गरेको छ । परिवार तथा स्थानीयवासीले बाढी-पहिरोमा बेपत्ता भएका पण्डितको खोजीलाई थप प्रभावकारी बनाउन र सम्भावित स्थानहरूमा विशेष टोली परिचालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

उनीहरूले खोजी तथा



बाध्य भएर कुशको आकृति बनाई दाहसंस्कार गरेको जनाइएको छ ।

अन्तिम संस्कारमा आफन्त तथा स्थानीयवासी सहभागी भएका थिए । पण्डितको अवस्था अझै अज्ञात रहेकाले परिवारजन भावुक बनेका थिए । बाढी-पहिरोपछि लगातार खोजी गर्दा पनि पण्डितको उद्धारका क्रममा बेपत्ता नागरिकको अवस्थाबारे परिवारलाई नियमित जानकारी गराउनसमेत सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । भोटेकोशीमा आएको विनाशकारी बाढीपछि पर्सासहित मधेश प्रदेशका विभिन्न जिल्लाका नागरिक सम्पर्कविहीन भएका छन् ।

# स्वेच्छिक राहत संकलनमा सिरहा प्रशासनको रोक




**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवा जिल्लामा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि भन्दै विभिन्न स्थानमा भइरहेको राहत सामग्री संकलन कार्यलाई सिरहा प्रशासनले रोक लगाएको छ ।

जिल्ला प्रशासन कार्यालय सिरहाले सूचना जारी गर्दै व्यक्तिगत रूपमा वा कुनै संघ-संस्था तथा समूहको पहलमा स्वेच्छिक ढंगले राहत सामग्री संकलन नगर्न आग्रह गरेको हो । प्रशासनले रसुवाको भेटेकोसी नदीमा भदौ १० गते आएको बाढीबाट प्रभावितका लागि सिरहाका विभिन्न स्थानमा राहत संकलन भइरहेको जानकारी प्राप्त भएको जनाएको छ ।

बाढीपीडितलाई सहयोग गर्न इच्छुक व्यक्ति, संस्था वा समूहले भने आफूले उपलब्ध गराउन सक्ने राहत सामग्रीबारे सम्बन्धित इलाका प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालय सिरहालाई जानकारी गराउनुपर्ने प्रशासनको भनाइ छ ।

प्रशासनले राहत सहयोगलाई एकीकृत र व्यवस्थित बनाउन समन्वयको माध्यमबाट मात्रै सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइने जनाएको छ। यसबाट राहत वितरणमा दोहोरोपन हटाउँदै वास्तविक पीडितसम्म आवश्यक सामग्री प्रभावकारी रूपमा पुऱ्याउन सहज हुने अपेक्षा गरिएको छ ।


सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी सूचनामा राहतका नाममा जथाभावी सामग्री संकलन नगर्न सम्बन्धित सबैलाई अनुरोध गरिएको छ। सहयोग गर्न चाहने व्यक्ति तथा संघ-संस्थाले प्रशासनसँग समन्वय गरेर मात्रै राहत उपलब्ध गराउनुपर्ने सूचनामा उल्लेख छ ।

रसुवामा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि सहयोग जुटाउने क्रम बढिरहेका बेला सिरहा प्रशासनले राहत संकलनलाई व्यवस्थित बनाउन यस्तो कदम चालेको हो। प्रशासनले बाढीपीडितका नाममा हुने अनधिकृत राहत संकलनलाई रोक्दै उपलब्ध सहयोगलाई उचित माध्यमबाट प्रभावितसम्म पुऱ्याउने उद्देश्य राखेको जनाएको छ ।

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा MBS को माइग्रेशन भ्रमरपुरा चौक देखि रामानन्द चौक जाने क्रममा मिति २०८३/०५/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : राम किशोर साह**
**रजिष्ट्रेशन नं.: ७-१-१४-१३९८-९७**
**ठेगाना:जि.ध. सबैला ना.पा.-३**
**मो.नं. ९८५४०२५३८०**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# समन्वय गर

विनासकारी बाढीको कारण नेपाल ठूलो संकटमा परेको छ। विपद्को घडीमा सबैको सहयोग र सद्भाव प्राप्त भइरहेको छ । तर पनि उद्धार र राहतको कार्य अझै पनि चुनौतीपूर्ण नै रहेको छ। उद्धारमा हजारौँ सुरक्षाकर्मी परिचालित छन्। विभिन्न सामाजिक संघसंस्था र मित्र राष्ट्रहरुबाट विशेषज्ञहरुको टोली खटेको छ। सरकारले उद्धार र राहतका लागि सबै निकायलाई परिचालित गरेको छ । देशैभरिका सबै जिल्ला प्रशासन कार्यालय मार्फत समन्वयगरि सहयोग र सहकार्य भइरहेको छ। सर्वसधारण नेपालीहरुले पनि पीडितहरुलाई राहतका लागि सक्दो सहयोग गरिरहेका छन् । विपद्को बेला सम्पूर्ण नेपाली एकजुट भएर अगाडि बढेको छ। तैपनि पीडितहरुलाई राहत र सान्त्वना समेत पुगेको छैन । सम्पर्कविहीन भएका आफन्तहरु अस्पताल लगायतका निकायहरुमा भारी मनले खोजी गरिरहेका छन् । शवको पहिचान तत्काल हुन नसक्ने देखिएको छ। तर शव व्यवस्थापन नभए अर्को महामारी फैलिन सक्ने उच्च जोखिम छ। सरकारले शव व्यवस्थापनमा बढी ध्यान दिन पनि आवश्यक छ । सामूहिक चिहान बनाएर शवको व्यवस्थापन गर्नुपर्ने सरकारको बाध्यता पनि छ। बाढीबाट ज्यान जोगाउन भाग्दै गरेको अवस्था अथवा घर समेत बग्दा त्यसमा रहेका मानिसहरु बगेको अवस्थामा अधिकांश पुरिएको हुन सक्ने सम्भावना छ। नदी र छेउछाउमा देखिएका शवहरुको पहिचान हुन सक्ने सम्भावना पनि छ। तर बाढीसँगै पुरिएका शवहरुको पहिचान हुन सम्भव छैन । उद्धारमा खटिएका सुरक्षाकर्मीहरुले विभिन्न स्थानमा फसेका र जिवित रहेकाहरुको उद्धारमा बढी ध्यान दिएको छ। फसेकाहरु मध्ये थुप्रैलाई जिवितै उद्धार गर्न सुरक्षाकर्मीहरु सफल भएका छन्। तर अझै उद्धारको पर्खाइमा रहेकाहरुको ज्यान जोगाउन जोखिमपूर्ण कार्यमा सुरक्षाकर्मीहरु लागेका छन् । राहत सामग्री निरन्तर विभिन्न माध्यमबाट पुऱ्याइँदैछ । अधिकारीहरुका अनुसार प्रभावित क्षेत्रका लागि एक महिना सम्म पुग्ने राहत सामग्री भण्डारमा रहेको छ। विभिन्न माध्यमबाट प्रभावितहरुसम्म राहत सामग्री पुऱ्याइने कार्य जारी छ । प्रधानमन्त्री राहत कोषमा पनि नेपालीहरुले सक्ने आर्थिक सहयोग गरिरहेका छन्। तर राजमार्गको अवस्था ठिक नभएको कारण काठमाण्डु बाहिरबाट पठाउन खोजिएको राहत सामग्री पुऱ्याउन समस्या देखिएको छ । राजमार्ग व्यवस्थित रुपमा सञ्चालन हुन नसक्दा राहत पुऱ्याउनेहरुलाई समेत कठिनाइ भइरहेको छ । यसका लागि सरकारले समन्वय गर्न आवश्यक देखिन्छ । प्रभावित क्षेत्रका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जारी गरेको सूची अनुसारको सामग्रीहरु तोकिएको स्थानसम्म पुऱ्याउन मनकारीहरुले नै सहयोग गर्न आवश्यक छ । प्राधिकरणसित समन्वय गरी निर्धारित स्थलहरुसम्म राहत सामग्री पुऱ्याउन सकिए थप कार्यहरु गर्न सहज हुन सक्छ। अहिले समन्वय र सहकार्यको आवश्यकता छ।

# कसको विकास, कसको विनाश ?



रोशन देव

रसुवाको भोटेकोशी नदीमा आएको यो महाविनाशकारी बाढीले आज नेपाललाई केवल शोकमा डुबाएको छैन, यसले हाम्रो राज्य व्यवस्था, हाम्रो विकासको सोच, हाम्रो राजनीति र विश्वव्यापी जलवायु न्यायमाथि एकैचोटि गम्भीर प्रश्न उठाएको छ।

केही दिनअघिसम्म आफ्नो सामान्य जीवन बाँचिरहेका मानिसहरू आज बेपत्ता छन् । सयौँ परिवारले आफ्ना प्रियजन गुमाएका छन् ।

हजारौँ मानिस अझै आफ्ना आफन्तको खोजीमा छन् र भोटेकोशी तथा त्यससँग जोडिएका नदी प्रणालीका आसपासका बस्तीहरूमा मानिसहरू अझै त्रासको बीचमा जीवन बिताइरहेका छन् । सोमबारसम्म आइपुग्दा उपलब्ध विवरणअनुसार नेपालमा मात्र मृत्यु संख्या ९०० नाघिसकेको छ र हजारौँ मानिस अझै बेपत्ता छन् । उद्धार कार्य जारी छ, तर खराब मौसम, कठिन भूगोल, नदीको बढ्दो बहाव र भत्किएका सडक तथा पुलहरूले उद्धारलाई अत्यन्त कठिन बनाइरहेका छन् । यो सामान्य बाढी होइन, यो हिमालबाट सुरु भएर नदी, बस्ती, सडक, जलविद्युत आयोजना र हजारौँ परिवारको जीवनमा एकैपटक खसेको एउटा असाधारण मानवीय त्रासदी हो ।

तर आज रसुवाको भोटेकोशी किनारमा उभिएर हामीले केवल कति मानिस मरे भनेर गन्ने हो भने यो विपत्तिको वास्तविक अर्थ बुझ्न सक्दैनौँ । हामीले कति मानिस बेपत्ता भए भनेर मात्र आँकडा राख्ने हो भने पनि पर्याप्त हुँदैन । हामीले गम्भीर रूपमा सोध्नुपर्ने प्रश्न के हो भने आखिर यो सबै किन भइरहेको छ? संसारको वातावरणलाई सबैभन्दा बढी प्रदूषित गर्ने देशहरू एकातिर छन्, तर त्यसको परिणाम भोग्ने नेपालजस्ता देश अर्कोतिर किन छन्? विश्वका ठूला औद्योगिक राष्ट्रहरूले सयौँ वर्षदेखि कोइला, पेट्रोलियम र ग्यास जलाएर आफ्नो अर्थतन्त्र निर्माण गरे, विशाल उद्योगहरू चलाए, करोडौँ गाडी र विमानमार्फत कार्बन उत्सर्जन गरे, अत्यधिक उत्पादन र उपभोगमा आधारित जीवनशैली निर्माण गरे, तर आज हिमाल पग्लिँदा नेपाल रोइरहेको छ । जलवायु परिवर्तनको ठूलो हिस्सा सिर्जना गर्ने देशहरू शक्तिशाली र सम्पन्न छन्, तर हिमनदी अस्थिर हुँदा, हिमाली भूगोल कमजोर हुँदा, अचानक बाढी आउँदा र पहाड खस्दा ज्यान गुमाउने मानिसहरू नेपालजस्ता कम उत्सर्जन गर्ने देशका नागरिक छन् ।

रसुवाको भोटेकोशीमा आएको यो विनाशले संसारलाई यही कठोर प्रश्न सोधेको छ प्रदूषण गर्ने को, मूल्य चुकाउने को? कार्बन उत्सर्जन गरेर पृथ्वीको तापक्रम बढाउने एउटा संसार छ, तर त्यसको परिणामस्वरूप हिमालय अस्थिर हुँदा ज्यान गुमाउने अर्को संसार छ । नेपाल विश्वको ठूलो कार्बन उत्सर्जक राष्ट्र होइन, तर नेपाल जलवायु परिवर्तनको अग्रमोर्चामा उभिएको देश हो । हाम्रो हिमालमा हुने परिवर्तन केवल हिमालभित्र सीमित रहँदैन । हिमालमा भएको अस्थिरता नदीमा आउँछ, नदीबाट बस्तीमा आउँछ, बस्तीबाट राष्ट्रिय अर्थतन्त्रमा आउँछ र अन्ततः मानिसको जीवन र भविष्यमा आउँछ । रसुवाको भोटेकोशीमा सुरु भएको विपत्तिले यही वास्तविकतालाई भयावह रूपमा हाम्रो आँखाअगाडि ल्याइदिएको छ ।

भोटेकोशी केवल एउटा नदीको नाम होइन । आज यो नेपाललाई चेतावनी दिने एउटा नाम बनेको छ । हिमालय बदलिँदै छ, मौसम बदलिँदै छ, पानीको स्वरूप बदलिँदै छ र हाम्रो पुरानो बुझाइले अब नयाँ प्रकृतिलाई बुझ्न पर्याप्त छैन । हामीले हिमाललाई सधैँ स्थिर ठान्यौँ, नदीलाई विकासको स्रोत ठान्यौँ र पहाडलाई जति काटे पनि, नदीलाई जति थुने पनि र भूगोललाई जति परिवर्तन गरे पनि विकासको यात्रा अगाडि बढिरहन्छ भन्ने सोच राख्यौँ । तर प्रकृतिले कहिलेकाहीँ यस्तो जवाफ दिन्छ कि मानिसको सम्पूर्ण योजना एकैछिनमा कमजोर देखिन्छ । भोटेकोशीमा आएको बाढीले बगाएको केवल माटो, ढुंगा, सडक र पुल होइन, यसले हाम्रो विकाससम्बन्धी धेरै भ्रम पनि बगाएको छ ।

रसुवाको विपत्तिको प्रभाव एउटा जिल्लामा सीमित रहेन । नदी प्रणालीसँग जोडिएका तल्लो भूभाग, त्रिशूली क्षेत्र, नुवाकोट र धादिङसम्मको जीवनमा यसको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको छ । विभिन्न क्षेत्रमा सडक, पुल, विद्युत् संरचना र बस्ती प्रभावित भएका छन् । विशेष गरी जलविद्युत आयोजना र निर्माण क्षेत्रमा काम गर्ने ठूलो संख्याका मानिस सम्पर्कविहीन भएका विवरणहरू आएका छन् र उद्धारकर्मीहरू कठिन भूगोल तथा नदीको जोखिमबीच मानिसहरूलाई खोजिरहेका छन् । केही स्थानमा सुरुङभित्र फसेका कामदारको उद्धार पनि ठूलो चुनौती बनेको छ । हजारौँ मानिसलाई सुरक्षित स्थानमा पुऱ्याउने प्रयास भइरहे पनि धेरै परिवार अझै आफ्ना सदस्यको कुनै खबर नपाएर प्रतीक्षामा छन् ।

यस्तो बेला नेपालको अर्को पुरानो रोग फेरि देखिन्छ, राजनीति । कसले के गऱ्यो, कसले के गरेन, कुन पार्टी जिम्मेवार, कुन नेता कहाँ गयो, कसले हेलिकप्टर चढ्यो, कसले फोटो खिच्यो, कसले राहत बाँड्यो, कसले सामाजिक सञ्जालमा धेरै लेख्यो यी बहसहरू फेरि सुरु हुन्छन् । तर रसुवाको भोटेकोशीले कसैको पार्टी हेरेर बगाएको छैन । नदीले एमाले, कांग्रेस, माओवादी, मधेशवादी, राजावादी वा स्वतन्त्र भनेर मानिसलाई छुट्याएको छैन । बाढीले जात सोधेको छैन, धर्म सोधेको छैन, क्षेत्र सोधेको छैन । जसलाई भेट्यो, उसलाई बगाएको छ । जसको घर नदीको बाटोमा पऱ्यो, उसको घर भत्काएको छ । जसको परिवार त्यहाँ थियो, उसको परिवारलाई पीडा दिएको छ ।

त्यसैले आजको सबैभन्दा ठूलो प्रश्न राजनीति कसले जित्यो भन्ने होइन । आजको प्रश्न कति मानिसलाई बचाउन सकिन्छ भन्ने हो । कति बेपत्तालाई खोज्न सकिन्छ भन्ने हो । कति परिवारलाई तत्काल खाना, औषधि र सुरक्षित आश्रय दिन सकिन्छ भन्ने हो । कति बच्चालाई फेरि विद्यालय फर्काउन सकिन्छ भन्ने हो । कति गाउँलाई पुनः बसोबास योग्य बनाउन सकिन्छ भन्ने हो । विपत्तिको समयमा राजनीति आवश्यक हुन सक्छ, सरकारलाई जवाफदेही बनाउन आवश्यक हुन सक्छ, कमजोरीमाथि प्रश्न उठाउन आवश्यक हुन सक्छ, तर मानवता मरेर राजनीति बाँचेको समाज कहिल्यै सभ्य समाज बन्न सक्दैन ।

यो देश राजनीति गरेर मात्र कहिल्यै बन्दैन । राजनीति आवश्यक छ, लोकतन्त्र आवश्यक छ, विचार आवश्यक छ, बहस आवश्यक छ, आलोचना आवश्यक छ, तर यी सबैभन्दा माथि मानिसको जीवन हुनुपर्छ । जब कुनै आमाले आफ्नो छोरा खोजिरहेकी हुन्छिन्, त्यहाँ राजनीतिक विचारधाराको भाषणले उनको पीडा कम गर्दैन । जब कुनै बच्चाले बुबा फर्केर आउनुहुन्छ कि आउनुहुन्न भनेर बाटो हेरिरहेको हुन्छ, त्यहाँ पार्टीको झण्डाले उसको डर हटाउँदैन । जब एउटा परिवारले आफ्नो घरको ठाउँमा नदी र बगर मात्र देख्छ, त्यहाँ चुनावी भाषणले उसको भविष्य निर्माण गर्दैन । त्यहाँ केवल मानवता चाहिन्छ, जिम्मेवार राज्य चाहिन्छ र वास्तविक सहयोग चाहिन्छ ।

तर यो विपत्ति केवल राजनीतिभन्दा माथि उठेर मानवताको कुरा गर्ने विषय मात्र होइन । यो नेपालले आफ्नो विकासको मोडेलमाथि पुनर्विचार गर्नुपर्ने समय पनि हो । विश्वले गरेको कार्बन उत्सर्जनका कारण जलवायु परिवर्तनको प्रभाव नेपालमा परिरहेको सत्य हो, तर हामीले आफ्नै देशभित्र गरेका कमजोरीहरूबाट पनि भाग्न मिल्दैन । हामीले जोखिमयुक्त नदी किनारमा निर्माण कसरी गरिरहेका छौँ? पहाड काटेर सडक बनाउँदा भूगोलको दीर्घकालीन स्थिरतालाई कति ध्यान दिएका छौँ? जलविद्युत आयोजना निर्माण गर्दा बदलिँदै गरेको हिमाली जोखिमलाई पर्याप्त रूपमा अध्ययन गरेका छौँ? वातावरणीय प्रभाव मूल्यांकन वास्तविक वैज्ञानिक प्रक्रिया बनेको छ कि केवल परियोजना स्वीकृतिका लागि आवश्यक कागज? बाढी आउँदा पूर्वसूचना कति मानिससम्म पुग्छ? जोखिम भएको थाहा हुँदा पनि बस्ती र संरचना किन सुरक्षित स्थानमा सार्न सकिँदैन?

हामीले अब प्राकृतिक विपत्तिलाई केवल भाग्य भनेर स्वीकार गर्ने समय सकिएको छ । बाढी प्राकृतिक हुन सक्छ, तर त्यसबाट हुने सम्पूर्ण विनाश प्राकृतिक मात्र हुँदैन । कमजोर तयारी, गलत ठाउँमा निर्माण, नदी र पहाडको प्रकृतिलाई बेवास्ता गर्ने विकास, भ्रष्टाचार, कमजोर नियमन र राजनीतिक हस्तक्षेपले प्राकृतिक जोखिमलाई मानवीय महाविपत्तिमा बदल्न सक्छ । त्यसैले रसुवाको भोटेकोशीले नेपाललाई केवल रोउन सिकाएको छैन, यसले नेपाललाई प्रश्न गर्न बाध्य बनाएको छ । हामी कस्तो विकास चाहन्छौँ? तत्काल देखिने संरचना कि दीर्घकालीन रूपमा सुरक्षित भविष्य? हामी नदीलाई केवल बिजुली उत्पादन गर्ने माध्यमको रूपमा हेर्ने कि त्यसको प्राकृतिक चरित्रलाई पनि बुझ्ने? हामी हिमाललाई पर्यटनको पोस्टर मात्र ठान्ने कि जलवायु परिवर्तनको सबैभन्दा संवेदनशील प्रयोगशाला भनेर बुझ्ने?

आज नेपालले विश्वसँग पनि नयाँ भाषामा कुरा गर्नुपर्छ । हामीलाई दया होइन, जलवायु न्याय चाहिन्छ । नेपालले कम कार्बन उत्सर्जन गरेको छ भन्दै हामीले संसारसँग केवल सहानुभूति मागिरहनु हुँदैन । हामीले स्पष्ट रूपमा भन्नुपर्छ–हामीले यो संकट सिर्जना गरेका होइनौँ, तर यसको मूल्य हाम्रो हिमाल, हाम्रो नदी र हाम्रो जनताले तिरिरहेका छन् । यदि संसार साँच्चै जलवायु परिवर्तनविरुद्ध लड्न चाहन्छ भने नेपालजस्ता हिमाली देशहरूलाई भाषण होइन, प्रविधि चाहिन्छ, अनुसन्धान चाहिन्छ, पूर्वसूचना प्रणाली चाहिन्छ, सुरक्षित पूर्वाधार चाहिन्छ र जलवायुजन्य क्षति तथा नोक्सानीका लागि वास्तविक आर्थिक सहयोग चाहिन्छ ।

हिमालय केवल नेपालको निजी सम्पत्ति होइन । हिमालयको पानीसँग दक्षिण एसियाका करोडौँ मानिसको जीवन जोडिएको छ । हिमालय अस्थिर हुँदा त्यसको असर सीमामा रोकिन्न । नदीले पासपोर्ट बोकेर बग्दैन । बाढीले भिसा लिएर देश प्रवेश गर्दैन । जलवायु परिवर्तनलाई सीमा, धर्म, जात वा राष्ट्रवादले रोक्न सक्दैन । त्यसैले विश्वले बुझ्नुपर्छ कि नेपालमा हिमाल अस्थिर हुनु केवल नेपालको समस्या होइन, यो सम्पूर्ण क्षेत्रको भविष्यसँग जोडिएको प्रश्न हो ।

आज रसुवाको भोटेकोशी किनारमा बसेर हामीले संसारलाई एउटा कठोर प्रश्न सोध्नुपर्छ तपाईंहरूले गरेको विकासको मूल्य हामीले किन तिर्ने? तपाईंहरूले उत्सर्जन गरेको कार्बनको परिणाम हाम्रो हिमालले किन भोग्ने? तपाईंहरूको अत्यधिक उपभोगको परिणाम हाम्रो गाउँले किन ज्यान गुमाएर तिर्ने? यो प्रश्न भावनाको मात्र होइन, न्यायको प्रश्न हो । जलवायु न्यायको अर्थ यही हो, जसले संकट सिर्जना गर्न ठूलो भूमिका खेलेको छ, उसले त्यसको समाधान र क्षतिपूर्तिको जिम्मेवारी पनि ठूलो मात्रामा लिनुपर्छ ।

तर विश्वलाई प्रश्न गर्दै गर्दा नेपालले आफैँलाई पनि प्रश्न गर्नुपर्छ । हरेक वर्ष विपत्ति आएपछि हामी किन राहतको तयारी मात्र गर्छौं, विपत्ति आउनुअघि तयारी किन गर्दैनौँ? हरेक पुल बगेपछि नयाँ पुल बनाउने बहस हुन्छ, तर त्यो पुल किन बग्यो भन्ने गम्भीर अध्ययन किन हुँदैन? हरेक सडक पहिरोले बगाएपछि पुनर्निर्माणको ठेक्का खुल्छ, तर पहाड काट्दा वैज्ञानिक मापदण्ड पालना भयो कि भएन भन्ने प्रश्न किन ओझेलमा पर्छ? हरेक परिवार विस्थापित भएपछि अस्थायी राहत दिइन्छ, तर सुरक्षित पुनर्वासको स्थायी योजना किन बन्न सक्दैन?

हामीले अब नेपाललाई विपत्तिपछि फोटो खिच्ने देशबाट विपत्तिभन्दा अगाडि तयारी गर्ने देश बनाउनुपर्छ । रसुवाको भोटेकोशीमा भएको यो विनाशलाई केवल अर्को समाचार बनाएर बिर्सनु हुँदैन । यो राष्ट्रिय चेतावनी हो । आज भोटेकोशी हो, भोलि अर्को हिमाली नदी हुन सक्छ । आज रसुवा हो, भोलि अर्को जिल्ला हुन सक्छ । जलवायु परिवर्तनको प्रभाव भविष्यको विषय मात्र रहेन, यो वर्तमानको कठोर वास्तविकता बनिसकेको छ ।

आज सबैभन्दा ठूलो कुरा यही हो राजनीतिभन्दा माथि मानवता । कसैको पीडालाई पार्टीको प्रचारको सामग्री नबनाऔँ । कसैको मृत्युमा राजनीतिक लाभ नखोजौँ । कसैको बेपत्ताको पीडामा सामाजिक सञ्जालको लोकप्रियता नखोजौँ । राहत बाँड्दा पार्टीको झण्डा होइन, मानवताको हात अगाडि बढाऔँ । रसुवाका मानिसहरूलाई उनीहरूको राजनीतिक परिचयका आधारमा होइन, नेपाली नागरिक र सबैभन्दा पहिले मानिसका रूपमा हेरौँ ।

भोटेकोशीले आज हामीलाई एउटा कठोर पाठ पढाएको छ । प्रकृतिसँग खेल्दा मानिस शक्तिशाली हुँदैन । जलवायु परिवर्तनलाई बेवास्ता गर्दा विकास सुरक्षित हुँदैन । र विपत्तिको समयमा मानवता हराएर राजनीति गर्ने समाज वास्तवमा कहिल्यै समृद्ध हुन सक्दैन ।

आज रसुवा बाढीले देश रोइरहेको छ । भोटेकोशीको किनारमा हजारौँ परिवारको भविष्य अनिश्चित छ । त्रिशूली नदी प्रणालीसँग जोडिएका क्षेत्रहरू त्रासमा छन् । बेपत्ता मानिसहरूको खोजी जारी छ । मृतकको संख्या बढिरहेको छ । परिवारहरू प्रतीक्षामा छन् । यस्तो बेला हामीले एउटा मात्र कुरा सम्झिनुपर्छ , मानिस बाँच्यो भने मात्र राजनीति बाँच्छ, मानिस बाँच्यो भने मात्र विकासको अर्थ हुन्छ, मानिस बाँच्यो भने मात्र देश बन्छ ।

त्यसैले आजको नेपालको आवाज स्पष्ट हुनुपर्छ, हामीलाई सहानुभूति मात्र होइन, जलवायु न्याय चाहिन्छ । हामीलाई राहत मात्र होइन, सुरक्षित भविष्य चाहिन्छ । र हामीलाई राजनीतिक नारा मात्र होइन, विपत्तिको समयमा मानवता चाहिन्छ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# २० सेकेन्डको त्यो दृश्य र आउँदै गरेको २० वर्ष



जीवन क्षेत्री

भदौ १० गतेको विनाशकारी बाढीको सबैभन्दा त्रासद भिडिओ सम्भवतः त्यो सिसिटीभी फुटेज हो जसले नेपाल-चीन सिमानाको तिब्बततर्फको भन्सारमा विनाशअघिका अन्तिम क्षणहरू देखाउँछ।

त्यो हेर्दै गर्दा तत्काल ममा स्वभावतः त्रास र बेचैनीको भाव आयो। तर सँगै यो पनि लाग्यो– हामी बाँचिरहेको समयको शक्तिशाली विम्ब त्यो दृश्य हो । त्यहाँ मानिसले बिताएका अन्तिम २० सेकेन्ड बीस वर्ष बनाइदिनुस्। बाढीमा बगेर पुरिनुअघि आतंकित भएर कुदिरहेका केही दर्जन मानिसलाई आठ अर्ब मानिस बनाइदिनुस्। सिंगो मानव सभ्यताको कथा त्यही बीस सेकेन्ड अर्थात् आउँदो बीस वर्षमा समेटिन्छ।

सन् १९०० र सन् २००० बीचका सय वर्षमा पृथ्वीको औसत तापक्रम जम्मा ०.६ डिग्री सेल्सियसले बढेको थियो। अर्थात् ०.६ डिग्री प्रति शताब्दी। पछिल्ला दशकहरूमा पृथ्वी तात्ने दर ०.३५ डिग्री प्रति दशक अर्थात् २८ वर्षमा १ डिग्री पुगेको छ। त्यस हिसाबले पृथ्वीको तापक्रम सन् २०४० अघि नै औद्योगिक युगपूर्वको भन्दा २ डिग्रीले बढिसकेको हुनेछ।

जलवायु संकटबारे अध्ययन गरेर कम्तीमा पाँच दशक बिताएका बेलायती वैज्ञानिक बिल म्याकगायरका अनुसार स्याटलाइटहरूको मापन अनुसार पृथ्वी तात्ने दर त्योभन्दा पनि बढी अर्थात् ०.५ डिग्री प्रति दशक छ। त्यो भनेको शताब्दीमा ५ डिग्री सेल्सियस अर्थात् अघिल्लो शताब्दीभन्दा ८ गुणा बढी हो। अघिल्लो वर्ष जर्मन फिजिकल एन्ड मिटिरियोलोजिकल सोसाइटीले प्रकाशित गरेको रिपोर्ट अनुसार सन् २०५० सम्म ३ डिग्रीको तापक्रम बढोत्तरी एकदमै सम्भव छ।

त्यो हुनु भनेको सन् २१०० सम्म पृथ्वीको औसत तापक्रम ५ देखि ६ डिग्री सेल्सियससम्मले बढ्नु हो। पृथ्वी यति तीव्र रूपमा तात्दा के हुन्छ त? यसको आंशिक जबाफ पृथ्वीको भौगर्भिक इतिहासमा पाउन सकिन्छ। आजभन्दा ५ करोड ६० लाख वर्ष अगाडि अचानक पृथ्वीको वायुमण्डलमा भारी मात्रामा कार्बन थपियो। परिणाम – केही हजार वर्षको अवधिमा पृथ्वीको तापक्रम ५-८ डिग्री सेल्सियसले बढ्यो। समुद्रको सतह बीसौं मिटर बढ्यो। कति समुद्रमा त ५० मिटरसम्मले सतह माथि आयो। साविकका धेरै प्रजातिहरू लोप भएर गए भने अरू धेरै विकास भए।

अहिलेको मानवसिर्जित वैश्विक तताइको सबैभन्दा राम्रो तुलना हुने भनेर पिइटीएम (पेलियोसिन-इयोसिन थर्मल म्याक्सिमम) भनिने त्यो अवधिलाई लिइन्छ। तर पृथ्वीको अहिलेको तताइ त्यो बेलाभन्दा पनि भीषण छ । बिल म्याकगायरका अनुसार पृथ्वीको तात्ने रफ्तार अहिले पिइटीएमभन्दा १० गुणाले बढी छ। पृथ्वीको वायुमण्डलमा यो तहको कार्बन डाइअक्साइड पछिल्लो पटक कहिले थियो भनेर खोज्ने हो भने झन्डै डेढ करोड वर्ष अगाडि पुगिन्छ।

अथवा मानिसले पृथ्वीलाई यस्तो जलवायुमा पुऱ्याएको छ जुन डेढ करोड वर्षयता विकसित भएका कुनै पनि प्रजातिले भोगेका छैनन् । यो वितण्डा सुरू भएलगत्तै भूकम्पका कारण हिमताल विस्फोट भएको हुन सक्ने भन्ने समाचारहरू आएका थिए। तर मैले यो लेख लेख्दै गर्दाको पछिल्लो जानकारी अनुसार अमेरिकी भौगर्भिक अध्ययन संस्था युएसजिएसका अनुसार यसको कारण 'ग्लेसियल कोल्याप्स' थियो। अर्थात् हिमनदीको एउटा ठूलो हिस्सा भास्सिएर तल बजारिँदा त्यसले ४.४ रेक्टर स्केलको कम्पन सिर्जना गरेको थियो । मिहिन व्याख्या जे भए पनि यसको प्रत्यक्ष सम्बन्ध हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण आइरहेको बदलावसित छ । अमेरिकी अन्तरिक्ष संस्था नासाले तयार पारेको 'क्लाइमेट टाइम मेसिन' को यो चित्र एकपल्ट हेरौं– सन् १८८४ देखि २०२२ सम्मको विश्वभरको तापक्रमको डाटाबाट तयार पारिएको यो छोटो भिडिओको अन्तिम अर्थात् २०२२ मा पृथ्वीका विभिन्न भूभागहरूको तापक्रमको वितरण यो तस्वीरले देखाउँछ । चित्रको तल दिइएको कलर कोड अनुसार पृथ्वीमा केही समुद्री क्षेत्रहरू अहिले पूर्वऔद्योगिक तहकै तापक्रममा वा त्यसभन्दा चिसो भएका पनि छन् तर जमिन रहेका सबै हिस्साको तापक्रम बढेको छ। तिनमध्ये पनि पृथ्वीका सर्वाधिक ठूला हिमभण्डारहरूमध्ये एक उत्तरी ध्रुवको आर्कटिकमा तापक्रम सबैभन्दा तीव्र रफ्तारमा बढेको छ र चार डिग्री सेल्सियस काटिसकेको छ । त्यहाँबाट दक्षिणतिर आउँदै गर्दा एसियाको ठूलो उत्तरी भूभाग पनि ३ देखि ४ डिग्रीसम्मले तातिसकेको छ। कुनै बेला वर्षभरि हिउँले ढाकिने रूसको साइबेरियामा यसै डढेलो लाग्न थालेको छैन । जब नेपालको हिमालय र तिब्बत क्षेत्रको कुरा आउँछ, यहाँको तापक्रम वृद्धि पनि २.५ र ३ डिग्रीको हाराहारी अर्थात् विश्वव्यापी औसतभन्दा दोब्बर जति छ । यसमा पनि फेरि बिल म्याकगायरले भनेझैं स्याटेलाइटको डाटामा जाने हो भने



त्यो तताइ झन् बढी छ। परिणाम के भने, एकातिर हिमनदी पग्लिने, छोटिने र हराउने क्रम तीव्र छ त्यसका कारण आगामी दशकहरूमा हिमालय उत्तरका डेढ अर्ब र दक्षिणका दुई अर्ब (भारत, नेपाल, पाकिस्तान र बंगलादेश समेत) मानिसहरूको ताजा पानीमाथिको पहुँच संकटमा छ।

पानीको अभावको तत्कालीन कारण भूमिगत जलाधार रित्तिँदै जानु हो। जलाधार रित्तिनुको कारण भने हिमनदी सुक्नु मात्र नभई तात्दै गएका हिमालहरूका कारण बदलिँदो मौसम र प्रभावित हुँदै गरेको वर्षा पनि हो। बिल म्याकगायर भन्छनु– यसअघि जतिखेर पृथ्वी यति तातेको थियो, त्यो बेला वायुमण्डलमा बादल बन्ने प्रक्रिया नै अवरूद्ध भएको थियो । पछिल्ला दशकहरूमा भारत लगायतका उष्ण क्षेत्रहरूमा त्यो प्रक्रिया देखिन थालिसकेको छ। अर्कोतिर, रसुवामा हामीले अहिले देखेजस्ता विपत्तिहरूको सम्भावना अहिले आकाशिएर गएको छ। कारण– हिमरेखा माथि सर्दै गएसँगै पहिले हिउँ पर्ने ठाउँहरूमा अब बर्सेनि पानी पर्न थालेको छ। लाखौं वर्षदेखि हिउँले ढाकिएर बसेका नाजुक हिमाली भूभागमा अचानक भीषण वर्षा हुन र तिनको संरचना खल्बलाउन थालेको छ। परिणाम– अहिलेको जस्तो 'ग्लेसियल कोल्याप्स' देखि सिंगो पहाड पल्टेर आउने प्रलयकारी पहिरोहरूको जोखिम बढेर गएको छ। अहिले तत्कालका लागि सबैभन्दा आवश्यक कुरा हो आसन्न संकटको आकारको बोध। अहिलेसम्म नेपाल मात्र नभई सिंगो हिमालय र महाभारत क्षेत्रका देशहरू पाकिस्तान, भारत र चीनले पहाडहरूलाई दोहनका विषय मात्रै बनाएका छन्। यस्तो विनाश नेपालमा भन्दा पनि अझ बढी भारत र चीनमा छ। दुवै देश हिमाली क्षेत्रमा भीमकाय बाँध हालेर जलविद्युत निकाल्नेदेखि चार लेनका राजमार्गहरू बनाउने होडमा छन्। नेपालमा पहाड हुँदै हिमाल उक्लिसकेका डोजरे विकासको त कुरै छाडौं। त्यसैले हिमालयको ओल्लो छेउदेखि पल्लो छेउसम्म मानिस जातिले आफ्नो खुट्टामा आफै बञ्चरो हानेजस्तो देखिएको छ। हिमालको भूगर्भविज्ञानदेखि जलवायु विज्ञानसम्म विज्ञता हुनेहरूको कुनै पनि देशको नीति निर्माण तहमा पहुँच र प्रभाव रहेको देखिँदैन। त्यसैले नेपालले तत्काल गर्नुपर्ने भनेको बदलिँदो जलवायुबीच सिंगो हिमाली र पहाडी क्षेत्रको जोखिमको नक्सांकन (रिस्क म्यापिङ) हो। त्यसो नहुँदा हाम्रो देश हरेकपल्ट यस्तै महाविनाश पर्खेर बस्ने अनि धनजनको क्षतिपछि रोइकराइ मात्रै गर्ने अवस्थामा छ। क्षति रोक्न विपत्ति सूचना प्रणाली कसरी विकास गर्ने? चीनसितको समन्वय कसरी बढाउने? हाम्रो राजमार्गहरूलाई कसरी डिजाइन गर्ने? कतै तिनको विकल्प नै खोज्नुपर्ने पो हो कि? नयाँ बस्ती कहाँ विकास गर्ने? जोखिममा रहेका कुन बस्तीलाई कसरी व्यवस्थित रूपमा सार्ने? जलविद्युत आयोजना बनाउँदा तिनमाथि विपत्तिको जोखिम कसरी मूल्यांकन गर्ने? अब कहाँ र कस्ता आयोजना बनाउने?

यदि एकै सिजनमा एउटा जलाशय भर्ने गरी पहाड बगाएर ल्याउने पहिरोहरूको जोखिम छ भने अब जलाशययुक्त जलविद्युत नै कहाँ र किन बनाउने? अर्ध-जलाशययुक्त वा जलाशयरहित आयोजनाहरू बनाउँदा पनि जोखिम कसरी न्यूनीकरण गर्ने? यी कठिन तर अब लगत्तै जबाफ नखोजी नहुने प्रश्नहरू हुन्। दीर्घकालमा के गर्ने भन्ने प्रश्न त अहिले झनै पेचिलो छ। सन् २०२० मा प्रकाशित एउटा जलवायु मोडलका अनुसार यही रफ्तारमा पृथ्वी तात्ने हो भने सन् २०७० सम्म पृथ्वीमा साढे तीन अर्ब मानिस बस्ने भूभाग अहिलेको सहारा मरूभूमिको मध्यभाग जत्तिकै तातो हुनेछ।

तीमध्ये चानचुन १ अर्ब मानिस हाम्रा छिमेकी देशहरू भारत, पाकिस्तान र बंगलादेशबाट विस्थापित हुनेछन्। उनीहरूसित ज्यान बचाउन उत्तर हानिनेबाहेक अर्को विकल्प रहने छैन। तीमध्ये १५ देखि २० करोड मानिसहरू नेपालको भागमा पर्न सक्नेछन्। अहिलेकै अन्धाधुन्ध विकास र कृषि कायम रहने हो भने तबसम्म नेपालकै तराई-मधेसको उल्लेख्य हिस्सा मरूभूमीकरण भइसकेको हुन सक्नेछ। हिमालभरिका हिमनदीहरू लुप्तप्रायः भएका हुनेछन्। धेरै हिमाल समेत वर्षभर कालो पहरा बनिसकेका हुनेछन्। हिउँ र पानीमा आधारित नेपालको पर्यटन, कृषि र जलविद्युत तीनै क्षेत्र थला परेसँगै हाम्रो अर्थतन्त्र तहसनहस भइसकेको हुनेछ। बिल म्याकगायरले भनेझैं बादल बन्ने प्रक्रिया नै अवरूद्ध हुने हो भने कुनै कुनै वर्ष सिंगो मनसुन नै गायब हुन सक्नेछ। बहुवर्षीय खडेरीहरू पर्दै गए भने हिमनदीपछिको ताजा पानीको दोस्रो स्रोत अर्थात् हिमाल र पहाडी भूभागको भूमिगत जलाधार पनि क्रमशः रित्तिँदै जान सक्नेछ। जंगली डढेलो यति भीषण हुनेछ कि एकै सिजनमा जंगलहरू मरूभूमि बन्न सक्नेछन्। त्यसैले आसन्न संकट यति विकराल छ कि मेरो हैसियत यी विषयमा अध्ययन गरेका आधारमा सम्भावित समस्या देखाउने मात्रै छ, समाधान सुझाउने छैन। तर यति निश्चित छ – अहिलेकै जस्तो अन्धाधुन्ध र अदूरदर्शी विकास गर्ने हो भने एक दिन सिंगो नेपालको संकटमा पर्नेछ। समयमै संकटको आकार र चरित्र बोध गरेर होसियार बन्यौं र विकासका ठाउँमा दिगो विकासलाई प्राथमिकतामा राख्यौं भने सायद हाम्रो सभ्यता र हाम्रा जीवनहरू केही भए पनि लम्बिन सक्नेछन् । यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ।

# जसपा नेपालको केन्द्रीय कार्यकारिणी बैठक शुरु

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी, नेपाल (जसपा नेपाल) को केन्द्रीय कार्यकारिणी समिति बैठक भोलिदेखि काठमाण्डुमा शुरु हुँदैछ।

केन्द्रीय कार्यालय बालकुमारीमा पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा शुरु हुने बैठक भदौ १६ र १७ गते दुई दिनसम्म चल्नेछ।

बैठकमा पार्टीको आगामी राजनीतिक कार्यदिशासहित संगठनात्मक विषयलाई मुख्य प्राथमिकतामा राखेर छलफल हुने भएको छ। जसपा नेपालका केन्द्रीय महासचिव डा. सुरेन्द्र कुमार झाले बैठकमा राजनीतिक प्रतिवेदनमाथि छलफल हुनुका साथै पार्टी संगठनलाई प्रदेशदेखि स्थानीय तहसम्म समायोजन गर्ने विषयमा निर्णयका लागि प्रस्ताव पेश हुने बताएका छन्।

बैठकका लागि प्रदेश, जिल्ला र स्थानीय तहका पार्टी संरचनाको समायोजन तथा भ्रातृ संठनको




समायोजनसम्बन्धी प्रस्ताव पनि एजेण्डामा राखिएको छ।

त्यस्तै, विभिन्न राजनीतिक दल तथा शक्तिहरूबिचको सहकार्यका लागि अघि बढाइएको अग्रगामी मोर्चा सम्बन्धमा पनि कार्यकारिणी समितिमा छलफल हुनेछ। पार्टीको संसदीय बोर्ड गठन तथा कार्यकारिणी सदस्यहरूको कार्यविभाजनसम्बन्धी प्रस्तावसमेत बैठकमा प्रस्तुत गरिने महासचिव डा. झाले बताए।

यसैगरी, हालैका बाढी तथा विपद्बाट प्रभावित नागरिकका लागि राहत संकलन गर्ने विषयमा पनि बैठकमा छलफल हुने एजेन्डा तय गरिएको छ।

जसपा नेपालले बैठकमार्फत पार्टीको राजनीतिक तथा संगठनात्मक संरचनालाई थप व्यवस्थित बनाउने र आगामी राजनीतिक गतिविधिका लागि आवश्यक निर्णय लिने तयारी गरेको छ। सो बैठकमा प्रस्तुत हुने प्रस्तावमाथि छलफलपछि आवश्यक निर्णय गरिने जनाएको छ।

# 'राहत रकम तुरुन्त निकासा गर्छौं'

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले विपद् व्यवस्थापनका लागि प्राप्त जनसहयोगलाई सरकारले ठुलो भरोसाको रूपमा लिएको बताएका छन् । अर्थ मन्त्रालयमा आयोजित विपद्को आर्थिक क्षति र प्रतिकार्य योजनाबारे छलफलमा बोल्दै अर्थमन्त्री वाग्लेले यस्तो बताएका छन्। उनले जनताले गरेको सहयोगलाई रकम बिना ढिलाइ प्रभावित क्षेत्रमा पठाउने बताए।

अर्थमन्त्री वाग्लेले कोषको रकम निकासामा हुने प्रशासनिक ढिलासुस्ती अन्त्य गरिने उल्लेख गरे। अर्थमन्त्री वाग्लेले भने- 'अहिले नागरिकले यो सरकारले पैसा दुरुपयोग गर्दैन भन्ने अपेक्षा र विश्वासका साथ राहत कोषमा पैसा ओइर्‍याएका छन्। हाम्रो उद्धार कोषमा पैसा थुप्रिने तर तल पालिकामा रकम नपुग्ने गुनासो आउनु हुँदैन। त्यसैले अर्थको संयन्त्र र राहत कोषबाट तत्काल रकम निकासा गर्छौं।'

उनले १६ वटा प्रभावित पालिकामध्ये अति आवश्यक देखिएका ४ वटा पालिकालाई प्राथमिकतामा राखेर आजैबाट कोष परिचालन गर्न र मेयर वा सिडिओको औपचारिक पत्र कुरेर समय खेर नफाल्न सुझाव दिए।

अर्थमन्त्री वाग्लेले विगतको गोरखा भूकम्पपछि लाप्राकमा बनाइएका घरहरू अझै खाली रहेको बताए। 'इन्जिनियरिङ मात्र सोचेर चिटिक्कका घर बनाउँदैमा मान्छे बस्दा रहेनछन्। त्यहाँ सामाजिक विज्ञान पनि चाहिन्छ।' उनले



भने, 'लाप्राकमा ४०० घर बने तर भैंसी बाँध्ने ठाउँ नहुँदा मान्छे पुरानै थातथलोमा छन्। अबको पुनर्निर्माणमा मान्छेको जीविकोपार्जन र सामाजिक परिवेशलाई ध्यान दिनुपर्छ।'

डा.वाग्लेले विपद्पछिको आवश्यकता मूल्याङ्कनलाई दुई वटा स्थापित खाकामा अगाडि बढाउनुपर्ने बताए। उनले सार्वजनिक र निजी क्षेत्रमा भएको वास्तविक भौतिक क्षति र त्यसबाट भएको आर्थिक घाटाको तत्काल विवरण सङ्कलन गर्ने र पुनर्स्थापना, पूर्वाधार निर्माण र एकीकृत बस्ती विकासको दीर्घकालीन गुरुयोजना तयार गरिने बताए।

उनले यसै हप्ताको बिहीबार साँझसम्म 'र्‍यापिड एसेसमेन्टको प्रतिवेदन तयार पार्ने लक्ष्य रहेको बताए। जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको यो विपद्लाई विश्वव्यापी मञ्चमा प्रभावकारी रूपमा उठाउनुपर्नेमा उनले जोड दिए। 'न्यूयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्रीले तथ्य र प्रमाणका आधारमा नेपालको यो पीडा राख्नुभयो भने हामीलाई अन्तर्राष्ट्रिय सहयोग जुटाउन सजिलो हुन्छ,' उनले भने।

विपद्ले अर्थतन्त्र र जनजीवनमा पारेको असर न्यूनीकरण गर्न सरकारले छिट्टै बिजनेस रिकभरी प्याकेज ल्याउने तयारी गरिरहेको अर्थमन्त्री डा.वाग्लेले जानकारी दिए। पूर्वाधार निर्माणसँगै मानिसको जीवनयापनको लागतलाई सम्बोधन गर्ने गरी सरकार लचिलो भएर जनताको आवश्यकता सुन्न तयार रहेको उनको भनाइ छ।

# सेनापतिसँग प्रधानमन्त्रीले लिए ब्रिफिङ



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले रसुवाको भोटेकोशी नदीको बाढीका कारण निम्तिएको संकट समाधान गर्न देशका सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गर्दै ब्रिफिङ लिएका छन्।

प्रधानमन्त्री साहले सोमबार प्रधान सेनापति अशोकराज सिग्देलसँग हालसम्म भएका खोज, उद्धार, राहत तथा व्यवस्थापनका मामिलामा ब्रिफिङ लिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

अहिले केहीबेरमा सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेलसँग साथै नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीसँग पनि आजै ब्रिफिङ लिने जनाएको छ।

# सरकारको सक्रियता सामाजिक सञ्जालमा मात्रै सीमित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली काँग्रेसका सचेतक निश्कल राईले विपद्पछि सरकारले राहत तथा उद्धार व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन गर्न नसकेको आरोप लगाएका छन्।

सोमबार बसेको संसदीय दलको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले सरकारको सक्रियता सामाजिक सञ्जालमा देखिएजस्तो भूगोलमा नरहेको बताएका हुन्।

विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहत वितरण कार्य प्रभावकारी रूपमा हुन नसकेको र राहत सामग्री एकै ठाउँमा थुप्रिएर वास्तविक पीडितसम्म नपुगेको उनको भनाइ छ। सरकारले राहत वितरणमा स्थानीय तहसँग पर्याप्त समन्वय गर्न नसकेको आरोप पनि उनले लगाए।

स्थानीय तहसँग प्रभावित नागरिकको वास्तविक अवस्था, तथ्यांक र आवश्यकताबारे जानकारी हुने भए पनि सरकारले उनीहरूसँग समन्वय नगरेको उनले बताए। नेपाली काँग्रेस संसदीय



दलका नेता भीष्मराज आङदेम्बे प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरेर फर्किएको उल्लेख गर्दै उनले सामाजिक सञ्जालको प्रचार र स्थलगत वास्तविकताबीच फरक रहेको दाबी गरे।

उनले भने, 'सरकार अत्यन्त सक्रिय बनिरहेको भनेर सामाजिक सञ्जालमा कतिपय कुरा आए पनि वास्तविकता फरक छ। हाम्रो संसदीय दलका नेता भीष्मराज आङदेम्बे पनि फिल्डमा पुगेर आउनुभयो, भूगोलको वास्तविकता फरक देखिएको छ।'

राहत वितरणको संयन्त्र कमजोर रहेको औंल्याउँदै उनले थपे, 'जति पनि आवश्यक मानिसहरू हुनुहुन्छ, उहाँहरूले राहत नपाइरहेको अवस्था छ। राहत एक ठाउँ गएर डम्प भएको छ भने यसको वितरण प्रक्रिया राम्रो हुन सकेको छैन।'

विपद् व्यवस्थापनमा सबै पक्षबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै उनले प्रभावित क्षेत्रको यकिन तथ्यांक तत्काल संकलन गर्न सरकारलाई सुझाव दिए। विपद् आउनुअघिको कुल जनसंख्या, हाल सम्पर्कमा रहेका नागरिक, सुरक्षित स्थानमा पुगेका व्यक्ति, बेपत्ता, मृतक तथा अज्ञात अवस्थामा रहेका व्यक्तिको तथ्यांक यकिन गर्नुपर्ने उनको भनाइ छ। यस्ता तथ्यांक स्थानीय तह, सुरक्षा निकाय तथा नागरिक प्रतिनिधिसँग उपलब्ध हुने भएकाले सबै निकायलाई सक्रिय बनाए संयुक्त रूपमा व्यवस्थापन अघि बढाउनुपर्नेमा उनले जोड दिए।

सचेतक राईले शव व्यवस्थापनलाई समेत सरकारले गम्भीरतापूर्वक लिनुपर्ने बताए। मृतकहरूको शव सुरक्षित राख्ने उपकरण र पूर्वाधारको अभाव भए पनि विज्ञसँग परामर्श गरेर उपयुक्त विधि अपनाउन उनले सरकारसँग आग्रह गरे। विपद्को बेला एकजुट भएर सरकारलाई सहयोग गर्न अन्य दलहरूलाई आग्रह गर्ने निर्णय बैठकले गरेको जानकारी उनले दिए।

काँग्रेसले आफ्ना सांसदहरूलाई अनावश्यक रूपमा बाढी प्रभावित क्षेत्रमा भीडभाड नगर्न निर्देशन दिएको छ। कतिपय सांसदहरू फोटो र भिडियो खिचेर सामाजिक सञ्जालमा राख्नकै लागि जाने गरेको उल्लेख गर्दै उनले भने, 'हाम्रा माननीयज्यूहरूलाई आवश्यकता पर्दा मात्र फिल्डमा जान अनुरोध गरेका छौं। सामाजिक सञ्जालमा राख्नकै लागि मात्र जाने प्रवृत्ति न्यूनीकरण गर्न अनावश्यक भीडभाड नगर्न आग्रह गरिएको छ।'

उनले काँग्रेसले बाढीपीडितहरूको उद्धार तथा राहतका लागि आवश्यक टोलीसमेत परिचालन गरिसकेको जानकारी बताए।

# उद्धार र राहतमा सरकार असफल भएको कांग्रेसको निष्कर्ष

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले भोटेकोशी विपद्पछिको उद्धार, राहत र भौतिक पुनर्निर्माणका सम्बन्धमा बुद्धिजीवी तथा प्राविधिक विज्ञहरूसँग छलफल गरेको छ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकास अवधारणा, संवाद र दृष्टि उपसमितिको आयोजनामा सोमबार ललितपुरस्थित बी.पी. स्मृति भवनमा सो छलफल भएको छ।

छलफलमा सहभागी वरिष्ठ इन्जिनियर, योजनाविद् र प्राज्ञिक विज्ञहरूले कठिन भौगोलिक क्षेत्रमा रहेका जलविद्युत् सुरुङमा फसेकाहरूको उद्धारमा सरकारले देखाएको तत्परताको परिणाम शून्य रहेको बताए।

उनीहरूले हराइरहेका र फसेकाहरूको उद्धारका लागि अन्तर्राष्ट्रिय सहयोग लिन नियतवश ढिलाइ गरिएको र स्थापित प्राविधिक विज्ञहरूको सट्टा केवल सुरक्षा निकायलाई मात्र परिचालन गरिएको भन्दै असन्तुष्टि व्यक्त गरे।

विज्ञहरूले राज्यका निकायहरू परिचालन भएको देखिए पनि प्रदेश र स्थानीय सरकारलाई नियोजित रूपमा सहकार्यबाट बाहिर राखिएको बताए। राहत



वितरण, पहुँच र सञ्चारकाबिच समन्वय नहुँदा पीडित नागरिकले राहत पाउन नसकेको र सूचना प्रवाहमा राजनीतिकरण गरिएको ठहर छलफलले गरेको छ।

त्यस्तै, सरकारले सत्तारूढ दल सम्बद्ध जनशक्तिलाई मात्र विज्ञका रूपमा लिँदा अन्य दक्ष जनशक्तिको अवमूल्यन भएको सहभागीहरूले बताए।

छलफलमा प्रा. डा. इन्द्र आचार्य, पवन भट्टराई, सुवासचन्द्र बराल, लक्ष्मण के.सी., डा. मुकेश काफ्ले, दिनेश भट्ट, विनोद देवकोटा, सुदर्शन भण्डारी, गोपाल निउरे, उमेश धिताल र कागडा प्रसाई लगायतका इन्जिनियरहरूको सहभागिता थियो। उनीहरूले सरकारलाई भेदभाव रहित ढंगले दक्ष जनशक्ति र आधुनिक उपकरण परिचालन गरी उद्धार कार्यलाई तीव्रता दिन र स्थानीय सरकारको व्यापक परिचालन गर्न

> **"राहत वितरण, पहुँच र सञ्चारकाबिच समन्वय नहुँदा पीडित नागरिकले राहत पाउन नसकेको र सूचना प्रवाहमा राजनीतिकरण गरिएको ठहर छलफलले गरेको छ "**

सुझाव दिएका छन्। कार्यक्रमको समापन गर्दै प्रतिष्ठानका उपप्रमुख विश्वप्रकाश शर्माले विपत्तिको घडीमा मानवीय ढंगले काम गर्न सरकारलाई आग्रह गरेका छन्।

उनले यसलाई राजनीतिक उपयोगको विषय नबनाउन सचेत गराउँदै सही ढंगले उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक दबाब सिर्जना गर्ने बताए।

# परराष्ट्रमन्त्री खनाल र सिंगापुरका परराष्ट्रमन्त्रीबिच टेलिफोन वार्ता



काठमाण्डु। परराष्ट्रमन्त्री शिशिर खनाल र सिंगापुरका विदेशमन्त्री डा.भिभियन बालकृष्णनबिच आज टेलिफोन वार्ता भएको छ। सिंगापुरका विदेशमन्त्री डा बालकृष्णनले परराष्ट्रमन्त्री खनाललाई बाढी पहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नेपालप्रति ऐक्यबद्धता जनाएका परराष्ट्र मन्त्रालयले बताएको छ।

वार्ताका क्रममा मन्त्री डा.बालकृष्णनले विपद् पछिको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा नेपाली अधिकारीहरूले समन्वयकारी भूमिकासहित छिटोछरितो ढंगबाट गर्नुभएको कामको प्रशंसा गरे। उनले नेपालको आवश्यकताका आधारमा सिंगापुर सरकार मानवीय सहायता उपलब्ध गराउन तयार रहेको बताए। सिंगापुरले जारी खोज तथा राहत कार्यमा सहयोग पुर्‍याउन विपद् पीडित पहिचान टोली र ड्रोन सहयोग उपलब्ध गराउने तयारी गरेको छ।

वार्तामा परराष्ट्रमन्त्री खनालले विपद्पछिको खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारले गरिरहेका प्रयासबारे जानकारी गराएका थिए। उनले बेपत्ता व्यक्तिहरूको खोजी कार्य निरन्तर भइरहेको बताएका थिए। मन्त्री खनालले कठिन परि स्थितिमा नेपालप्रति ऐक्यबद्धता र सहयोग व्यक्त गरेकामा सिंगापुर सरकार तथा त्यहाँका जनताप्रति आभार व्यक्त गरेका छन्।

रसुवा, नुवाकोटलगायतका क्षेत्रमा यही भदौ १० गएको बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्य जारी रहेका बेला उहाँहरूबीच उक्त टेलिफोन वार्ता भएको हो। रासस

## शोकमा डुबेको गोसाईंकुण्ड
# पालिका भवन बगरमा, उपाध्यक्षसहित २८ जना बेपत्ता

**टुडे समाचारदाता**

रसुवा। रसुवाको गोसाईंकुण्ड गाउँपालिका भोटेकोशीमा आएको बाढीले सबैभन्दा बढी प्रभावित भएको छ।

बाढीले उक्त गाउँपालिकाको मुख्य कार्यालय भवन पूर्ण रूपमा बगाएको छ। गाउँपालिकाकी उपाध्यक्ष, वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारी 'सहित २८ जना अझै बेपत्ता भएका छन्।

गोसाईंकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङले क्षतिको अझै यकिन गर्न सक्ने अवस्था नरहेको बताए। विपद्पछि अस्थायी मुकामबाटै निरन्तर केन्द्र सरकार, प्रधानमन्त्री कार्यालय र अन्य सरोकारवाला निकायसँग समन्वय गरेर काम गरिरहेको अध्यक्ष तामाङले बताए।

अध्यक्ष आफैं पनि शोकमा छन्। बाढीले उनका आफ्नै परिवारका ७ जना सदस्यसमेत बेपत्ता छन्। 'सबैभन्दा बढी प्रभावित हाम्रै पालिका भएको छ। २८ जना बेपत्ता हुनुहुन्छ, अहिलेसम्म कसैको पनि न लास भेटिएको छ, न सास नै,' अध्यक्ष तामाङले पीडाका साथ भने।

एकातिर गाउँपालिकाको सम्पूर्ण प्रशासनिक संरचना बगेको छ भने अर्कोतिर आफ्नै परिवारका ७



जना सदस्य गुमाउनु पर्दा आफैंलाई सम्हाल्न गाह्रो भइरहेको उनले बताए। 'मैले अहिलेसम्म आफ्ना आफन्तको धार्मिक संस्कारअनुसारको काजकिरिया समेत गर्न पाएको छैन, म आफैं कसरी सम्हालिने र अरूलाई कसरी सम्झाउने भन्ने अवस्थामा छु' उनले भावुक हुँदै भने।

अहिले गोसाईंकुण्ड गाउँपालिका भौगोलिक रूपमा पूर्णतः आइसोलेटेड (सम्पर्कविहीन) अवस्थामा पुगेको छ। सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएकाले हेलिकप्टरमार्फत मात्रै केही काम भइरहेको छ।

प्रदेश सरकारले उपलब्ध गराएका दुई-तीन वटा डोजरको सहायताले एउटा सानो कृषि सडक खुलाएर केही मात्रामा खाद्यान्न र इन्धन ल्याउने प्रयास भइरहेको छ।

'अहिलेको मुख्य प्राथमिकता भनेको बाँचेकाहरूलाई कसरी राहत दिने भन्ने नै हो। जिल्ला प्रशासन कार्यालयमार्फत राहत सामग्री वितरणको समन्वय भइरहेको छ, तर बाटो नहुँदा सामग्री ओसारपसारमा निकै समस्या छ,' पालिका अध्यक्ष तामाङले भने।

बाढीबाट विस्थापित भएका धेरै जनालाई उद्धार गरी विभिन्न गुम्बाहरूमा राखिएको छ। उनीहरूको तत्कालको खानपान र वासस्थानको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। 'उहाँहरूलाई कम्तीमा एक महिनासम्म त खुवाउनै पर्ने अवस्था छ। यहाँ गुम्बामा बस्नुभएका जनताले अब हामी कहाँ जाने ? के गर्ने ? भनेर सोध्दा मसँग दिने कुनै जवाफ छैन,' अध्यक्ष तामाङले भने।

पालिकाले आफ्ना नागरिकलाई परेको विपत्तिमा सक्दो प्रयास गरिरहेको भए पनि स्रोतसाधनको अभाव र क्षतिको विशाल आकारले गर्दा केन्द्र सरकारको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको उनको भनाइ छ।

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकासित मिति २०८३/०५/१६ गते मंगलबार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले यस बैंकवाट लिनुभएको कर्जा रकम कर्जा लिदाका बखत बैंकसँग गर्नु भएको शर्त कबुलियत बमोजिम तिर्न वुझाउनको लागि यस बैंकवाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराइन सकिने, कर्जाको सुरक्षणवापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसक्षरका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौँ। आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

**तपसिल**

| क. ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **ऋणी : राज किशोर यादव** (ना.प्र.नं. २०२९१२७५, जारी मिति २०५७/१२/१०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला बलरा न.पा. वडा नं. ११ (साविक छतौना गा.वि.स. वडा नं. ५, सर्लाही)।<br>बाबु : राजेन्द्र राय यादव।<br>बाजे : अनुप राय। | **जमानतकर्ताः सोविता देवी** (ना.प्र.नं. १९१००३/१००, जारी मिति २०६९/१०/१८, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला बलरा न.पा. वडा नं. ११ (साविक छतौना गा.वि.स. वडा नं. ५, सर्लाही)।<br>बाबुः जगविर प्रसाद यादव।<br>पति : राज किशोर यादव। ससुरा : राजेन्द्र राय यादव। |
| **जमानतकर्ता :** उपरोक्त कर्जामा तहाँले व्यक्तिगत जमानी दिनुभएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न/गराउन लगाउन हुन जानकारी गराउदछौ। अन्यथा, कर्जा चुक्ता/नियमित नभएको अवस्थामा सूचना प्रकाशित भएको मितिले ९० दिन पश्चात् तहाँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचिकृत गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। | |

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# जापानले ५५.६ अर्ब डलरको रक्षा बजेट प्रस्ताव, एआइ विकासमा जोड दिने

एएफपी । जापानको रक्षा मन्त्रालयले सोमबार ८.९ ट्रिलियन येन (५५.६ अर्ब डलर बराबर) को विशाल आकारको बजेट माग गरेको छ । तनावपूर्ण सुरक्षा वातावरणमा निर्णय प्रक्रिया छिटो बनाउन टोकियो कृत्रिम बुद्धिमत्ता (एआई)तर्फ लागिरहेको छ ।

बजेटको अन्तिम रूप १० ट्रिलियन येनसम्म पुग्न सक्ने रिपोर्ट जापानी अधिकारीहरूले गरेका छन् । जापानले चीन, उत्तर कोरिया र रूससँग बढ्दो तनाव सामना गर्न रक्षा क्षेत्रको व्यापक स्तरोन्नति गर्दैछ ।

नवीनतम मागले एआई, ड्रोन र स्ट्यान्डअफ क्षेप्यास्त्रको प्रयोगजस्ता 'युद्धका नयाँ तरिका' को सामना गर्न आवश्यकता देखिएको भन्ने बिषयलाई जोड दिएको छ ।

मागअनुसार मन्त्रालयले एआई-संचालित निर्णय सहयोग प्रणाली लागू गर्न चाहन्छ ।

यसले कम लागतका ड्रोन किन्न पनि चाहन्छ, जसले लामो दूरीका क्षेप्यास्त्रसँग मिलेर शत्रुका सम्पत्ति निष्क्रिय पार्न सक्छ ।

मन्त्रालयले पानीमुनिबाट प्रक्षेपण हुने हाइपरसोनिक क्षेप्यास्त्र विकास गर्ने र संज्ञानात्मक युद्धविरुद्ध रक्षा बलियो बनाउन नयाँ इकाई स्थापना गर्ने योजना बनाएको छ । संज्ञानात्मक युद्ध गलत सूचना



अभियानमार्फत सार्वजनिक मतलाई प्रभाव पार्ने बढ्दो खतरा हो ।

सन् २०२७ अप्रिलदेखि सुरु हुने आर्थिक वर्षको बजेट मागले जापानले अस्थिर भूराजनीतिक यथार्थ सामना गर्न सैन्य क्षमता बढाउने र आत्मरक्षाका लागि मात्र बल प्रयोगजस्ता परम्परागत शान्तिवादी अडान बिस्तारै छोड्ने नवीनतम कदम देखाउँछ ।

चीनको तीव्र सैन्य विस्तार र उत्तर कोरियाको क्षेप्यास्त्र तथा आणविक हतियारको निरन्तर विकासले जापानलाई सुरक्षा बलियो बनाउन बाध्य पारेको छ ।

युक्रेनमा रूसको युद्धले जापानी नीति निर्माताहरूमा पूर्वी एसियामा पनि यस्तै द्वन्द्व हुन सक्ने चिन्ता बढाएको छ । चीनको ताइवानमाथि बढ्दो दबाब र जापानसँगको क्षेत्रीय विवादलाई ध्यानमा राख्दा यस्तो चिन्ता आएको हो ।

**माग बढ्न सक्छ**

निक्केई नामक जापानी पत्रिकाले नाम उल्लेख नगरिकन सत्ताधारी दलका एक सांसदलाई सूचनाको स्रोतव्यक्ति बताउँदै लेखेको छ, "रक्षा मन्त्रालयको माग १० ट्रिलियन येनभन्दा बढी हुन सक्नेछ ।"

हालको मागमा क्षेप्यास्त्र, ड्रोन र डिजिटल प्रणालीलगायत धेरै उत्पादन तथा सेवाको अनुमानित लागत उल्लेख छैन ।

यी अङ्कहरू सरकारले वर्षको अन्त्यसम्ममा मूल राष्ट्रिय सुरक्षा दस्तावेजहरूको संशोधन पूरा गरेपछि अन्तिम रूप दिइने रक्षा अधिकारीहरूले बताएका छन् ।

ती तीन दस्तावेजले देशको सुरक्षा वातावरणको मूल्याङ्कन गर्दै भविष्यको रक्षा क्षमताको रूपरेखा तय गर्छन् ।

जापानले सैन्य खर्च र एसियामा सुरक्षा सहकार्य बढाइरहेको छ । बाहिरी टापुहरूमा क्षेप्यास्त्र प्रक्षेपण यन्त्र तैनाथ गर्ने, 'प्रतिकार क्षमता' हासिल गर्ने र हतियार निर्यात नियम खुकुलो पार्ने कदम चालेको छ ।

चीनविरोधी मानिने प्रधानमन्त्री सानाइ ताकाइचीले राष्ट्रिय रक्षा आफ्नो परम्परागत एजेन्डाको शीर्षमा राख्नुभएको छ ।

ताकाइचीले नोभेम्बरमा ताइवानसम्बन्धी कुनै पनि द्वन्द्वमा जापान सैन्य रूपमा हस्तक्षेप गर्न सक्ने सङ्केत दिएपछि चीनसँगको सम्बन्ध तीव्र रूपमा बिग्रिएको थियो । बेइजिङले ताइवानलाई आफ्नो क्षेत्र मान्छ ।

चीनले जापानको 'नयाँ सैन्यवाद' फर्केको भनी चिन्ता व्यक्त गरेको छ ।

"ताकाइचीको नेतृत्वमा सरकारले समग्र बजेट माग करिब १४३ ट्रिलियन येन बनाउने अपेक्षा छ, जुन चालु आर्थिक वर्षको १२२.४ ट्रिलियन येनको मागभन्दा ठूलो वृद्धि हो," निक्केईले समाचारमा उल्लेख गरेको छ । रासस

## एसिसी प्रिमियर कप क्रिकेट :
# बहराइनमाथि नेपालको जित

काठमाण्डु । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिता अर्न्गत आज भएको खेलमा नेपालले बहराइनलाई पराजित गर्दै प्रतियोगितामा सुःखद सुरुआत गरेको छ ।




मलेसियाको बांगीमा भएको खेलमा नेपालले बहराइनलाई सात विकेटले पराजित गर्दै जित हासिल गरेको हो ।

बहराइनले जितको लागि दिएको ८८ रनको सामान्य लक्ष्य पच्छाएको नेपालले २१ ओभरमा तीन विकेट गुमाउदै लक्ष्य पूरा गऱ्यो ।

नेपालको लागि अर्जुन कुमालले अविजित ३६ रनको योगदान दिए । उनले ५८ बलमा पाँच चौका प्रहार गर्दै ३६ रन बनाएका हुन । त्यस्तै रोहितकुमार पौडेलले अविजित १९ तथा आसिफ शेखले १८ रन जोडे । देव खनालले १० रन बनाए ।

बलिङतर्फ बहराइनका इमरान जाभेद अनवारले तीन विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बहराइनले ३६.२ ओभरमा सवै विकेट गुमाउदै ८७ रनमा समेटिएको थियो ।

बहराइनको लागि फिआज अहमेदले १५ बलमा सर्वाधिक १५ रन बनाए । त्यस्तै मुहम्मद वासिमले १३ रन जोडे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बहराइनलाई ८७ रनमा समेट्नेक्रममा नेपालका सन्दिप लामिछानेले पाँच विकेट लिए । यस्तै ललित नारायण राजवंशीले ३ विकेट लिदा करण केसीले २ विकेट हात पारे । नेपालले आफनो दोस्रो खेल यही भदौ १८ गते मलेसियासँग खेल्नेछ । रासस

# अमेरिका-दक्षिण कोरिया-जापानको सैन्य सहकार्यप्रति प्योङयाङको आपत्ति

एएफपी । दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र जापानले सेप्टेम्बरमा आयोजना गर्ने संयुक्त सैन्य अभ्यास उत्तर कोरियाका लागि 'खतरा' भएको प्योङ्याङले सोमबार जनाएको छ ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग नयाँ भेटवार्ताको इच्छा व्यक्त गरिरहेका बेला उत्तर कोरियाले यस्तो प्रतिक्रिया दिएको हो ।

तीन देशले सेप्टेम्बर ७ देखि ११ सम्म दक्षिण कोरियाको जेजु टापुको पूर्व तथा दक्षिणतर्फको अन्तरराष्ट्रिय जलक्षेत्रमा 'फ्रिडम एज' नामक संयुक्त सैन्य अभ्यास गर्ने भएका छन् । दक्षिण कोरियाले उक्त अभ्यास रक्षात्मक प्रकृतिको रहेको बताएको छ ।

उत्तर कोरियाको विदेश मन्त्रालयले सरकारी समाचार संस्था केसीएनएमार्फत जारी गरेको विज्ञप्तिमा अभ्यासलाई उत्तर कोरिया तथा क्षेत्रीय मुलुकका लागि 'खतरा' भएको बताइएको छ । "अमेरिकी सेनाले अमेरिका-जापान-दक्षिण कोरिया बहुआयामिक संयुक्त सैन्य अभ्यास 'फ्रिडम एज' सञ्चालन गर्ने योजना घोषणा गरेको छ, जुन उत्तर कोरिया र क्षेत्रीय मुलुकका लागि खतरा हो," विज्ञप्तिमा भनिएको छ ।

उत्तर कोरियाले वासिङ्टनले लगातार हवाई निगरानी तथा अन्य 'उत्तर कोरिया विरोधी सैन्य गतिविधि' सञ्चालन गरिरहेको आरोप लगाउँदै ट्रम्प प्रशासनले आफ्नो 'शत्रुतापूर्ण नीति' पुनः पुष्टि गरेको दाबी गरेको छ ।

उत्तर कोरियाले आफ्नो आणविक हतियारलाई राष्ट्रिय सार्वभौमसत्ता र सुरक्षाको रक्षा गर्ने माध्यमका रूपमा समेत प्रस्तुत गरेको छ ।

यसअघि दक्षिण कोरिया र अमेरिकाले आफ्नो प्रमुख वार्षिक सैन्य अभ्यास 'उल्ची फ्रिडम शिल्ड' सम्पन्न गरेका थिए । ट्रम्पले उच्च लागत तथा किमसँगको आफ्नो सम्बन्धलाई कारण देखाउँदै उक्त अभ्यासको अवधि ११ दिनबाट घटाएर पाँच दिनमा सीमित गर्न निर्देशन दिनुभएको थियो ।

ट्रम्पले किमसँग वार्ता गर्न आग्रह गरे पनि उत्तर कोरियाले अहिलेसम्म सकारात्मक प्रतिक्रिया दिएको छैन । उसले संयुक्त सैन्य अभ्यास तथा दक्षिण कोरियालाई अमेरिकी हतियार बिक्रीलगायतका विषयमा निरन्तर आपत्ति जनाउँदै आएको छ ।

# चीन, इरान र रूससहितका नेताहरू किर्गिस्तानमा

एएफपी । चीनका राष्ट्रपति सी जिनपिङ र इरानका राष्ट्रपति मसूद पेजेस्कियान सांघाई सहयोग संठनको शिखर सम्मेलनका लागि किर्गिस्तानमा पुगेका छन् । रूसी नेता भ्लादिमिर पुटिन पनि सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ । यो दुई दिने कार्यक्रममा एक दर्जनभन्दा बढी अन्य मुलुकका नेताहरू सहभागी हुनेछन् ।

पश्चिमको प्रभावविरुद्ध सन्तुलन कायम गर्न खोज्ने यो क्षेत्रीय एससीओ समूहले आफ्नो २५ औं वार्षिकोत्सव मनाइरहेको छ ।

यो समूहमा रूस, चीन, भारत, पाकिस्तान, इरान, चार मध्य एसियाली देश र मस्कोसँग गठबन्धन गरेको बेलारुस छन् ।

आइतबार बिस्केक आइपुगेका चिनियाँ राष्ट्रपति सीले मध्य एसियाली मुलुक किर्गिस्तानसँगको सम्बन्धलाई 'सुनौलो काल' भनेर प्रशंसा गर्नुभएको छ।

चीनले ऐतिहासिक रूपमा रूसको प्रभाव क्षेत्र रहेको यस क्षेत्रमा आफ्नो प्रभाव बढाइरहेको छ ।

नेताद्वय पुटिन र सीले पहिले पनि एससीओ शिखर सम्मेलनहरूलाई बहुध्रुवीय विश्वको आफ्नो दृष्टिकोण प्रवर्द्धन गर्न र पश्चिमविरुद्ध एकजुट मोर्चाका रूपमा प्रस्तुत गर्न प्रयोग गरेका विश्लेषकहरूले बताएका छन् ।

यो सम्मेलन मस्कोको युक्रेन आक्रमण सुरु भएको साढे चार वर्ष र वासिङ्टन र तेहरानबीचको युद्ध सुरु भएको छ महिनापछि भइरहेको छ ।

इरानका राष्ट्रपति पेजेस्कियान पनि बिस्केक आइपुगेको तेहरानका सञ्चार माध्यमले रिपोर्ट गरेका छन् ।

नेताहरू पुटिन, सी र पेजेस्कियानसँगै भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानका शेहबाज शरिफ किर्गिज



नेता सादिर जापारोभको अध्यक्षतामा हुने पूर्ण सत्रमा सहभागी हुनेछन् ।

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान पनि सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ, यद्यपि उहाँको देश यस समूहको औपचारिक सदस्य होइन ।

पुटिनले पेजेस्कियान र सीसहित अन्य नेताहरूसँग अलग्गै द्विपक्षीय वार्ता गर्ने पनि तय भएको क्रेमलिन प्रवक्ता युरी उशाकोभले बताउनुभयो ।

विश्वका सबैभन्दा बढी प्रतिबन्धित राज्यहरूमध्ये रहेका रूस र इरानले मस्कोले युक्रेन आक्रमण गरेपछि सैन्य र आर्थिक सम्बन्ध ठूलो मात्रामा बढाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मस्को र बेइजिङलाई इरानलाई हतियार नदिन चेतावनी दिएका छन् ।

रूसी नेता पुटिनको पेजेस्कियानसँगको भेट सिआइए निर्देशक जोन र्‍याटक्लिफको दुर्लभ मस्को भ्रमणको केही दिनपछि भएको हो । अमेरिकी सञ्चार माध्यमले उहाँले रुसी समकक्षीहरूसँग युक्रेन र इरानबारे छलफल गरेको हुनसक्ने अनुमान गरेका छन् ।

एससीओले ऐतिहासिक रूपमा आर्थिक मुद्दाहरूमा ध्यान केन्द्रित गरेको थियो, तर पछिल्ला वर्षहरूमा मस्को र बेइजिङको नेतृत्वमा यसले गति लिएको छ ।

समूहका १० सदस्यबाहेक यसमा अहिले टर्की, साउदी अरब र कतारसहित १५ 'संवाद साझेदार' छन् ।

यसमा अफगानिस्तान र मंगोलिया पनि छन् । उनीहरूको यस समूहमा हैसियत दुई पर्यवेक्षक देशका रूपमा रहेको छ।

एससीओको स्थापनाघोषणापत्रमा समूह 'अन्य राज्यहरूविरुद्ध लक्षित गठबन्धन होइन' भनिएको छ, तर रूसी नेता पुटिन र चिनियाँ राष्ट्रपति सीले यसका शिखर सम्मेलनहरूमाबारम्बार पश्चिमविरोधी भाषण दिएका छन् ।

गत वर्षको भेलामा पुटिनले पश्चिमी देशहरूलाई युक्रेन युद्ध उक्साएको आरोप लगाउनुभएको थियो भने नेता सीले अमेरिका-चीन तनावलाई सङ्केत गर्दै 'धम्कीजन्य कार्य' को निन्दा गर्नुभएको थियो ।

बिस्केक शिखर सम्मेलन केही एससीओ सदस्यहरू युक्रेन र इरान द्वन्द्व वा अमेरिका र अन्यमुलुकहरू व्यापार युद्धमा रहेको बेला भइरहेको छ ।

अमेरिकाले यो बर्ष चीन र भारतबाट आयात हुने वस्तुहरूमा व्यापक भन्सार शुल्कवृद्धि गरेको छ।

यस महिना अमेरिका ले सुन, प्रविधि, डिजिटल सम्पत्ति, उड्डयन र समुद्री यातायात क्षेत्रमा इरानका व्यापार साझेदार हरूमाथि द्वितीयक प्रतिबन्ध लगाएको छ, जसको उद्देश्य तेहरानको अर्थतन्त्रलाई कमजोर पार्नु रहेको बताइएको छ ।

वासिङ्टनले इरानका सहयोगीहरूलाई पनि प्रतिबन्धको चेतावनी दिएको छ ।

इरानी तेलको प्रमुख आयातकर्ता चीनले आफ्ना हित 'दृढतापूर्वक रक्षा' गर्ने भनेर जवाफ दिएको छ ।

सन् १९७९ को क्रान्तिपछि इस्लामिक अधिकारीहरू सत्तामा आएदेखि प्रतिबन्धमा रहेको इरानले नियमित रूपमा आर्थिक दबाबमा नझुक्ने बताएको छ, तर पेजेस्कियानले आफ्नो देश 'आर्थिक कठिनाइ' मा रहेको स्वीकार गर्नुभएको छ ।

इरान सन् २०२३ मा मात्र समूहमा सामेल भएको थियो ।

अन्तर्राष्ट्रिय सम्बन्ध विशेषज्ञ मोहम्मद हसन नज्मीले एएफपीसँग भन्नुभयो, "तेहरानले 'यी गठबन्धनहरूमा सदस्यता र सक्रिय सहभागिताले अमेरिकी र युरोपेली प्रतिबन्ध छल्न मद्दत गर्ने विश्वास गरेको देखिन्छ'।"

"समूहका ठोस फाइदा अनिश्चित छन्," उहाँले भन्नुभयो, "सङ्कटका बेला यी गठबन्धनहरूले इरानलाई आफ्ना कठिनाइ समाधान गर्न विरलै मद्दत गरेका छन् ।"

समूहले विश्वको जनसङ्ख्याको करिब ४० प्रतिशत र विश्वको कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत प्रतिनिधित्व गर्ने दाबी गरे पनि यो विविध छ र सदस्यहरूबीच केही असहमति छन् ।

रूस र चीन मध्य एसियामा प्रभावका लागि प्रतिस्पर्धा गर्छन् । यो स्रोत-धनी क्षेत्र युरोप र एसियाबीच वस्तु ढुवानीका लागि महत्वपूर्ण छ भने बेइजिङको भारत र पाकिस्तानसँग कहिलेकाहीँ सम्बन्धमा दरार आउने गरेको पाइन्छ ।

# जलवायु परिवर्तनका परिणामबारे विश्वका नेताहरू संवेदनशील बन्नुपर्छ : राष्ट्रसङ्घीय अधिकारी

एएफपी । प्रशान्त महासागरमा बढ्दो समुद्री सतहबारे विश्वका नेताहरू संवेदनशील बन्नुपर्ने राष्ट्रसङ्घीय अधिकारीहरूले बताएका छन् ।

विश्वको प्रमुख अर्थतन्त्र मानिने मुलुकका नेताहरूले प्रशान्त महासागरको एउटा टापुमा उभिएर समुद्री सतहको उच्च वृद्धि वास्तविकता आफ्नै आँखाले देख्नुपर्छ भन्ने कुरा संयुक्त राष्ट्रसङ्घका एक उच्च अधिकारीले पलाउमा सोमबार बताउनुभएको हो ।

गत साता नेपालमा भएको घातक बाढीलाई उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घकी उपमहासचिव अमिना मोहम्मदले प्रशान्त महासागरमा बढ्दो समुद्री सतह त्यसको 'अर्को पाटो' भएको बताउनुभयो ।

"हामीलाई पहिले नै थाहा थियो कि तातो जलवायुले विश्वका बरफलाई असाधारण गतिमा परिवर्तन गरिरहेको छ, जसले हिमनदीमुनि बस्ने समुदायलाई मात्र खतरामा पार्दैन, बरु हाम्रा महासागर हरूमा थप पानी थुपारिरहेको छ," उहाँले पत्रकारहरूसँग भन्नुभयो ।

मोहम्मदले पलाउमा बोल्दै भन्नुभयो, "प्रशान्त क्षेत्रका नेताहरू जलवायु परिवर्तन, अपराध र क्षेत्रीय सुरक्षालगायतका चुनौतीहरूबारे छलफल गर्न वार्षिक शिखर सम्मेलनका लागि भेला भएका छन् । उनीहरूले मानव सिर्जित जलवायु परिवर्तनका कारकलाई नियन्त्रण गर्न पहलहरूलाई थप सशक्तताका समथ अघि बढाउनुपर्छ ।"

मोहम्मदका अनुसार राष्ट्रसङ्घले जी-२० समूह राष्ट्रका नेताहरूलाई अक्टोबरमा विश्वको सानो राष्ट्रमध्ये एक मुलुक टुभालुमा आयोजना हुने बैठकमा सहभागी भई प्रतिबद्धता जनाउन आग्रह गरिरहेको छ । यो बैठक टर्कीमा हुने आगामी संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलनअघि हुनेछ ।

"हामीलाई लाग्छ कि उनीहरू आएर विश्वलाई उनीहरूले के गर्नुपर्छ भन्ने कुरामा साँच्चै संलग्न हुनुपर्छ," उहाँले भन्नुभयो । यद्यपि सम्मेलनमा प्रशान्त क्षेत्रबाहिरका थोरै नेता मात्र यात्रा गर्ने चिन्ता छ ।

जलवायु सङ्कटमा सबैभन्दा संवेदनशील देशहरूमध्ये एक टुभालुले वैज्ञानिकहरूले अधिकांश भूमि डुब्न सक्ने भविष्यवाणी गरेपछि आफ्नो जनसङ्ख्यालाई स्थानान्तरण गर्न तयारी गरिरहेको छ ।

पलाउका वातावरण मन्त्री स्टिभन भिक्टरले भन्नुभयो, "प्रशान्त क्षेत्र 'कुनै पनि अनुदान माग्दै छैन' तर बढ्दो समुद्री सतहबाट सबैभन्दा बढी प्रभावित समुदायहरूलाई सामना गर्न उनीहरूसँग स्रोत कम छन्। यो समृद्ध राष्ट्रले बुझ्नुपर्छ । समस्यालाई उनीहरू आएर प्रत्यक्ष देख्नुपर्छ र समाधानका लागि तत्पर बन्नुपर्छ ।"

सोमबार प्रकाशित संयुक्त राष्ट्रको प्रतिवेदनले महासागर तातो बन्दै जाँदा र हिमनदी पग्लने कारणले समुद्री सतह वृद्धि रेकर्ड गतिमा भइरहेको देखाएको छ।

"सन् २०५० सम्ममा १.२ अर्बसम्म मानिस विस्थापित हुन सक्छन् भने प्रशान्त टापु राष्ट्रहरूमा समुद्री सतह वृद्धि विश्वको औसतभन्दा दोब्बर छ," प्रतिवेदनमा भनिएको छ।

यसले वित्तपोषणको खाडल पनि उजागर गरेको छ। विकासशील देशहरूलाई अनुकूलनका लागि ३१०-३६५ अर्ब डलर चाहिन्छ, तर सन् २०२३ मा अनुकूलन वित्त मात्र २६ अर्ब डलर उपलब्ध थियो ।

**कोरल चट्टानहरू दबाबमा**

सोमबार पलाउमा वैज्ञानिकहरूले जारी गरेको अर्को प्रतिवेदनमा भनिएको छ, "कोरल चट्टानहरू 'पतनको सङ्घार' मा छन् । जलवायु परिवर्तनका कारण ४० वर्षमा कडा कोरलको विश्वव्यापी अवस्था ९.५ प्रतिशत घटेको छ ।"

'ग्लोबल कोरल रिफ मोनिटरिङ नेटवर्क'ले १२० देशका ३७ हजार चट्टानका तथ्याङ्क विश्लेषण गर्दा प्रमुख 'ब्लीचिङ' का घटनाहरूबीचको समय अन्तर साँघुरिएको पाइएको छ ।

ब्लीचिङपछि पर्याप्त समय भएमा चट्टानहरू पुनःप्राप्त हुन सक्छन्, तर समुद्री ताप लहरको आवृत्तिले आंशिक प्रगति मात्र हुन्छ ।

अध्ययनले सन् २०१० देखि हरेक पाँच देखि छ वर्षमा प्रमुख ब्लीचिङ घटना भएको पत्ता लगाएको छ ।

"हामी उनीहरूलाई पुनःप्राप्त गर्न आवश्यक अवस्था बिस्तारै नष्ट गर्दैछौं," अध्ययनका प्रमुख लेखक म्यानुएल गोन्जालेज रिभेरोले भन्नुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले अझ बारम्बार र गम्भीर समुद्री ताप लहर निम्त्याइरहेको छ, र कमसल पानीको गुणस्तर, अत्यधिक माछा मार्ने क्रम र तटीय विकासजस्ता स्थानीय दबाबले चट्टानहरूलाई यसको सामना गर्न अझ कमजोर बनाइरहेको छ ।"

सबैभन्दा बढी प्रभावितमध्ये अस्ट्रेलिया, प्रशान्त र क्यारिबियनका चट्टानहरू रहेका छन् ।

लगभग १० करोड मानिस कोरल चट्टानबाट पाँच किलोमिटर भित्र बस्छन्, जुन दुई दशकमा ४६ प्रतिशतको वृद्धि हो।

"प्रशान्त राष्ट्रहरूका लागि समुद्र राजमार्ग थियो, जसले मानिसहरूलाई जोड्थ्यो, तर अहिले सङ्कटमा छ," पलाउका राष्ट्रपति सुरान्जेल ह्विप्प्सले भन्नुभयो ।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : कृष्ण बहादुर लामिछाने**<br>ना.प्र.नं. ३५४७, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०१/२६<br>बाबुको नाम : खील बहादुर लामिछाने, बाजेको नाम : शेर बहादुर लामिछाने<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. २, हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : भोला बहादुर लामिछाने**<br>ना.प्र.नं. १४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५८/०४/०३<br>बाबुको नाम : खील बहादुर लामिछाने<br>बाजेको नाम : शेर बहादुर लामिछाने<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ | **२. नाम : सीता लामिछाने**<br>ना.प्र.नं. २९७४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/०४/०७<br>पतिको नाम : कृष्ण बहादुर लामिछान<br>ससुराको नाम : खील बहादुर लामिछाने<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ |
| | **३. नाम : देवीका लामिछाने**<br>ना.प्र.नं. १०६९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/०८/१५<br>पतिको नाम : भोला बहादुर लामिछाने<br>ससुराको नाम : खील बहादुर लामिछाने<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ | **३. नाम : लक्ष्मी माया लामिछाने**<br>ना.प्र.नं. ३५४६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६५/०१/१६<br>पतिको नाम : खील बहादुर लामिछाने<br>ससुराको नाम : शेर बहादुर लामिछान<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | लक्ष्मी माया लामिछानेको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. २ स्थित कित्ता नं. ९९४ को क्षेत्रफल ०-१-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# सूचीकरण तथा नवीकरण नगर्ने पत्रिकालाई लोककल्याणकारी विज्ञापनको रकम उपलब्ध नगराइने




काठमाण्डु । विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण नगरी लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने पत्रपत्रिकालाई चालु आर्थिक वर्ष २०८३/८४ देखि त्यस्तो विज्ञापनवापतको रकम भुक्तानी नगरिने भएको छ।

विज्ञापन बोर्डले पत्रपत्रिका, विज्ञापन एजेन्सी तथा अन्य सञ्चारमाध्यमलाई बोर्डमा अनिवार्य रूपमा सूचीकरण तथा नवीकरण गर्न आग्रह गर्दै यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो । यसअघि सूचना जारी गरी सूचीकरण तथा नवीकरण नगरी विज्ञापन कारोबार गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुने र बोर्डबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनको रकमसमेत भुक्तानी नहुने स्पष्ट गरिसकिएको बोर्डले जनाएको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ को उपदफा (१) मा विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीले तोकिए बमोजिमको विवरण दाखिला गरी बोर्डमा सूचीकृत हुनुपर्ने व्यवस्था छ । यस्तै, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ को दफा ७१ को उपदफा (४) बाट उक्त व्यवस्थामा संशोधन गरिएको छ।

संशोधित व्यवस्थाअनुसार ऐन प्रारम्भ हुँदाका बखत विज्ञापन कारोबार गरिरहेका सञ्चारमाध्यमले ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र बोर्डमा सूचीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ४(क) तथा नियम ११ ले समेत विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको सूचीकरण र नवीकरणसम्बन्धी व्यवस्था गरेको छ।

बोर्डले छापा, विद्युतीय तथा अनलाइन सञ्चारमाध्यम र विज्ञापन एजेन्सीलाई कानुनबमोजिम सूचीकरण तथा नवीकरण गर्न आग्रह गरेको छ । सूचीकरण तथा नवीकरण नगरी विज्ञापन कारोबार गरिएमा सम्बन्धित सञ्चारमाध्यम वा एजेन्सी कानुनी कारबाहीको भागीदार हुने बोर्डले जनाएको छ।

बोर्डले आज जारी गरेको सूचनाअनुसार आव २०८३/८४ बाट सूचीकरण तथा नवीकरण नगरेका पत्रपत्रिकाले बोर्डबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रकाशन गरे पनि त्यसवापतको रकम पाउने छैनन् । बोर्डले आव २०७९/८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकनसहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा विभिन्न स्तर, प्रकार र वर्गमा ८७९ वटा पत्रपत्रिका रहेका जनाएको छ। तीमध्ये अधिकांश पत्रपत्रिकाको बोर्डमा सूचीकरण तथा नवीकरण हुन बाँकी रहेका बोर्डको भनाइ छ।

सूचीकरण वा नवीकरण नगरेका कारण लोककल्याणकारी विज्ञापन प्रकाशनवापतको रकम भुक्तानी हुन नसकेमा त्यसको जिम्मेवारी सम्बन्धित पत्रपत्रिका स्वयंले लिनुपर्ने पनि बोर्डले स्पष्ट पारेको छ। बोर्डमा सूचीकरण तथा नवीकरणको प्रक्रिया अनलाइनबाटै गर्न सकिने व्यवस्था गरिएको छ । सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीले विज्ञापन बोर्डको अनलाइन दर्ता प्रणालीमार्फत आवेदन दिन सक्नेछन् । रासस

# भोटेकोशी बाढीः उद्धारका लागि अन्तरराष्ट्रिय राहत सहयोग जुट्दै



काठमाण्डु । बुधबार रसुवालगायत क्षेत्रमा गएको भोटेकोशी बाढीको विपद्पछि नेपाल सरकारले खोजी, उद्धार तथा राहत र पुनःस्थापनाका लागि उपलब्ध सबै स्रोतसाधन तथा प्रयास परिचालन गरेको छ। साथै सरकारले जारी खोजी, उद्धार तथा राहत प्रयासका लागि आवश्यक सबै सामग्री र स्रोतसाधनको मूल्याङ्कन, अनुरोध, प्राप्ति तथा परिचालन गर्न छिमेकी मुलुक तथा अन्तरराष्ट्रिय समुदायसँग समन्वय गरिरहेको छ।

यसै क्रममा विभिन्न मुलुकबाट नेपाललाई उद्धार तथा राहत सहयोग आउनेक्रम पनि बढेको छ । भोटेकोशी बाढीसम्बन्धी परराष्ट्र मन्त्रालयले आज यहाँ आयोजना गरेको प्रेस ब्रिफिङमा हाल भारतबाट ११ जना र चीनबाट नौ जना सम्मिलित सुरुङ उद्धारसम्बन्धी विशेषज्ञ टोली नेपाली अधिकारीसँगको समन्वयमा क्रमशः मेलुङ (चिलिमे) र स्याफ्रुबेसी, तथा माथिल्लो त्रिशूली थ्रि ए क्षेत्रमा परिचालित रहेको जानकारी दिइयो।

त्यस्तै कोरिया गणतन्त्रबाट पनि एउटा टोली परिचालन गरिएको छ । यसैगरी, शव व्यवस्थापनका लागि एयरटाइट ब्याग पनि प्राप्त गरिसकेको मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “थप सामग्री पनि उपलब्ध हुँदैछ । डीएनए विश्लेषणमा विशेषज्ञता हासिल गरेका भारतका १८ जना फरेन्सिक विशेषज्ञको टोली २९ अगस्टदेखि यहाँ रहेका छन् । सिङ्गापुरबाट ‘डिजाष्टर भिक्टिम आइडेन्टिफिकेसन टिम’ परिचालन गर्नका लागि समन्वय भइरहेको छ।”

प्रवक्ता क्षेत्रीका अनुसार भारत, चीन, जापान, संयुक्त राज्य अमेरिका, संयुक्त अरब इमिरेट्स, कोरिया गणतन्त्र तथा अन्य देश र साझेदारबाट यसअघि नै उद्धार सहयोग प्राप्त भइसकेको छ। यसअन्तर्गत पुलका एकाइ, फ्रिजर, जेनेरेटर सेट, सौर्य बत्ती, डीएनए परीक्षण किट, पुलका एकाइ, आपत्कालीन राहत उपकरणहरूका साथै पाल, कम्बल, स्लीपिङ ब्याग, खाद्य प्याकेट, औषधिलगायतका सामग्रीहरू रहेका मन्त्रालयले जनाएको छ । “हामीले संयुक्त राज्य अमेरिकाबाट फ्रिजर, डीएनए परीक्षण किट तथा लाइडरजस्ता आवश्यक गैर-खाद्य सामग्री र सेवाका लागि थप अनुरोध गरेका छौँ । बेलीब्रिज (जसमध्ये केही प्राप्त भइसकेका छन्) तथा उच्च क्षमताका ड्रोन (चीन र सिङ्गापुरबाट)जस्ता विशेष सामग्री तथा सेवाका लागि पनि अनुरोध गरिएको छ। यस्ता विशेष सामग्री जापान र कोरिया गणतन्त्रबाट पनि छिट्टै प्राप्त हुने अपेक्षा गरिएको छ”, प्रवक्ता क्षेत्रीले भन्नुभयो।

विश्वभरका मित्र तथा साझेदारबाट आर्थिक सहयोगका प्रतिबद्धता पनि प्राप्त भएका छन्। बाढीबाट क्षति व्यापक भएको र हाल प्रारम्भिक आवश्यकता मूल्याङ्कन भइरहेको बताउँदै प्रवक्ता लोकबहादुर क्षेत्री पुनःस्थापना तथा पुनःनिर्माणका लागि वास्तविक तथ्याङ्क प्राप्त गर्न विपद्पछिको आवश्यकता मूल्याङ्कन सञ्चालन गरिने उल्लेख गर्नुभयो। बाढीबाट घरहरू, सडक सञ्जाल, पुल तथा जलविद्युत् सुविधाजस्ता महत्वपूर्ण पूर्वाधारमा क्षति पुगेको छ।

प्रवक्ता क्षेत्रीले भन्नुभयो, “हामी पुनःस्थापना तथा पुनःनिर्माणका लागि अन्तरराष्ट्रिय सहयोग आवश्यक पर्ने अपेक्षा गर्दछौँ । मूल्याङ्कन अगाडि बढ्दै जाँदा आवश्यकताका विशिष्ट विवरण पछि जानकारी गराइनेछ ।” देशभित्र विभिन्न तहमा तथा छिमेकी र अन्तरराष्ट्रिय समुदायसँग प्रभावकारी समन्वय भइरहेको उहाँको भनाइ थियो।

प्रवक्ता क्षेत्रीले हालसम्म प्रभावित क्षेत्रबाट ९०३ शव फेला परेको र करिब चार हजार २०० सय जना अझै सम्पर्कविहीन रहेका जानकारी दिनुभयो । प्रभावित क्षेत्रबाट १० हजारभन्दा बढी नागरिकको उद्धार गरिएको छ, त्यसमध्ये ३२३ भन्दाबढी विदेशी नागरिक रहेका उहाँको भनाइ थियो । उपलब्ध तथ्याङ्कअनुसार, विभिन्न ३९ देशका करिब ५९० विदेशी नागरिक अझै बेपत्ता छन्।

यस कठिन घडीमा सरकार हाम्रा छिमेकी मुलुक तथा अन्तरराष्ट्रिय समुदायसँग निरन्तर नजिकको सम्पर्क र समन्वयमा रहेको बताउँदै प्रवक्ता क्षेत्रीले धेरै विदेशी नागरिक अझै बेपत्ता रहेको र समन्वयका लागि मन्त्रालयमा एक आपतकालीन नियन्त्रण कक्ष स्थापना गरिएको बताउनुभयो। रासस

# केएल दुगड ग्रुपद्वारा रसुवार नुवाकोटक्षेत्रकाबाढी प्रभावित परिवारलाई खाद्यान्नसामग्री सहयोग




टुडे समाचारदाता

काठमाण्डु । भदौ १० गते रसुवा क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित क्षेत्रका परिवारलाई केएल दुगड ग्रुपले खाद्यन्न सामग्री सहयोग गरेको छ । के एल दुगड ग्रुपलेपहिलो चरणमा तत्काल रसुवा र नुवाकोटका बाढीबाट प्रभावित परिवारका लागि दुई ट्रक खाद्यान्न सामग्री राहत विदुरस्थित जिल्ला समन्वय समितिको कार्यालयमाह स्तान्तरण गरेको जनाएको छ। उक्त सामग्री जिल्ला प्रशासन कार्यालयका प्रशासन अधिकृत होमनाथ दाहालको उपस्थितिमा हस्तान्तरण गरिएको थियो।

राहत सामग्रीमा प्रभावित परिवारका लागि तत्काल आवश्यक चामल, दाल, नुन, गहुँको पिठो, खाने तेल, बिस्कुट, चिउरा, विभिन्न मसला लगायत दैनिक उपभोगका अत्यावश्यक खाद्य सामग्री समावेश गरिएको थियो। विपद्का कारण दैनिक जीवनयापनसमेत प्रभावित बनेका परिवारलाई तत्काल आवश्यक खाद्य सामग्री उपलब्ध गराइ कठिन समयमा केही राहत पुऱ्याउने उद्देश्यले ग्रुपले उक्त सहयोग गरेको हो।

विपद्ले सिर्जना गरेको कठिन परिस्थितिमा खाद्यान्नजस्ता आधारभूत आवश्यकतासमेत प्रभावित परिवारका लागि चुनौतीपूर्ण बनेको अवस्थामा उनीहरूको दैनिकीमा केही सहजता ल्याउने उद्देश्यले राहत सामग्रीउपलब्ध गराइएको के एलदुगड ग्रुपले जनाएको छ।

वर्षा र बाढीका कारण सडक सञ्जालमापुगेको क्षति र बाटोको समस्याले गर्दा, ग्रुपले थप राहत सामग्रीहरू चरणबद्ध रूपमाप्रभावितक्षेत्रमा पुऱ्याउने जनाएको छ। संकटको समयमा प्रभावित परिवारसँगै उभिँदै मानवीय सहयोग प्रदानगर्नु आफ्नो सामाजिकउत्तरदायित्वको एक हिस्सा रहेको पनि ग्रुपले बताएको छ।

दुःख र पीडाको यस कठिन घडीमा प्रभावित परिवारप्रति गहिरो सहानुभूति व्यक्त गर्दै केएल दुगड ग्रुपले यस्तो सहयोग तथा मानवीय सहकार्यलाई निरन्तरतादिने प्रतिबद्धता पनि व्यक्त गरेको छ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकासित मिति २०८३/०५/१६ गते मंगलबार जनकपुर टुडे दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, मलंगवा सर्लाही**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०६/२७ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, मलंगवा सर्लाही**मा दिनको ठीक ३ : ०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

| | |
|---|---|
| **ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/१२/२० गते प्रा.फ.र.नं. १०५१६/०७७/०८८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, कर दाता सेवा कार्यालय मलंगवाबाट मिति २०७७/१२/२० (मूं.अ.क. दर्ता मिति २०७७/१२/२०) मा करदाताको नाम राम कल्याण राय कारोवारको नाम उषा इन्टरप्राइजेज भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१५७०००१० को प्रमाणपत्र प्राप्त **उषा इन्टरप्राइजेज।** **ठेगाना :** सर्लाही जिल्ला गोडैता न.पा. वडा न. ११, सिसौटिया। | **प्रोप्राइटर तथा जमानतकर्ता : राम कल्याण राय** (ना.प्र.नं. १९-८९१४३१३४, जारी मिति २०६०/०५/१४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : जिल्ला सर्लाही गोडैता न.पा.वडा नं. ११ (साविक सिसैटिया गा.बि.स.वडा नं. २)। बाबु : राम सेवक राय। बाजे : निठल राय। |
| **जमानतकर्ता : गायत्री देवी** (ना.प्र.नं.८९१४४२९४, जारी मिति २०५८/५/१८, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : जिल्ला सर्लाही गोडैता न.पा.वडा नं. ११ (साविक सिसैटिया गा.बि.स.वडा नं. २)। बाबु : जादोलाल राय। पतिः : राम कल्याण राय, ससुरा : राम सेवक राय । | **जमानतकर्ता : सुरज प्रसाद यादव** (ना.प्र.नं. १९१०२५/२३८, जारी मिति २०६८।०७।०६, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : जिल्ला सर्लाही गोडैता न.पा.वडा नं. ११ (साविक सिसैटिया गा.बि.स.वडा नं. २)। बाबु : राम कल्याण राय। बजे : राम सेवक राय। |
| **जमानतकर्ता : राम सिंहासन यादव** (ना.प्र.नं. १९१०२५/४१०, जारी मिति २०६९।१०।१५, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : जिल्ला सर्लाही गोडैता न.पा.वडा नं. ११ (साविक सिसैटिया गा.बि.स.वडा नं. २)। बाबु : राम कल्याण राय, बजे : राम सेवक राय। | **जमानतकर्ता : राम निवास यादव** (ना.प्र.नं. १९१०२५/४४९, जारी मिति २०७०।०३।१४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : जिल्ला सर्लाही गोडैता न.पा.वडा नं. ११ (साविक सिसैटिया गा.बि.स.वडा नं. २)। बाबु : राम कल्याण राय, बजे : राम सेवक राय। |

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **राम कल्याण राय**को नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला सिसौटिया गा.वि.स. वडा नं १, १ र ७ नक्सा सिट नं १, १ र ७ स्थित कित्ता नं. ५३८, ५३९ र ४१४ को क्षेत्रफल ०-०-११, ०-०-१० र ०-१-९ को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .......... १

२. **राम कल्याण राय**को नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला सिसौटिया गा.वि.स. वडा नं २ख नक्सा सिट नं २ख स्थित कित्ता नं. ५३१ को क्षेत्रफल ०-१-० को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .......... १

३. **गायत्री देवी**को नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला सिसौटिया गा.वि.स. वडा नं १ नक्सा सिट नं १ स्थित कित्ता नं. १९४२ को क्षेत्रफल ०-०-१५-० को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .......... १

४. ऋणी **उषा इन्टरप्राइजेज**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, मलंगवा सर्लाही**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, मलंगवा सर्लाही**मा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८३/०३/२५ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा मिति २०७३/०२/१० प्रा.फ.र.नं. ४४३१/३९१ तथा मिति २०७३/०२/१० मा आन्तरीक राजश्व कार्यालय सिमरा र करदाता सेवा कार्यालय गौरमा स्थायी लेखा नं. (PAN) ६०४१५९६०३ अन्तर्गत दर्ता कायम रहेको **साहिल फेन्सी स्टोर्स**।

**प्रोप्राईटर : अजय कुमार साह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. बतहु साहको नाति, जगरनाथ साहको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **अजय कुमार साह** (ना.प्र.नं. ३०२१, जारी मिति २०६३/०७/१९, जि.प्र.का. रौतहट)। | २. बतहु साहको नाति, जगरनाथ साहको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **बिजय कुमार साह बनिया** (ना.प्र.नं. ६९०३, जारी मिति २०५९/०२/१४, जि.प्र.का. रौतहट)। |
| ३. जगरनाथ साहको बुहारी, अजय कुमार साहको पत्नि, रौतहट जिल्ला, गढीमाँई न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाँई न.पा. वडा नं. १ बस्ने **गान्धी कुमारी साह** (ना.प्र.नं. ३२-०६-७६-०१५१२, जारी मिति २०७६/०५/३१, जि.प्र.का. रौतहट)। | ४. उधो साहको नाति, बतहु साहको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **जगरनाथ साह** (ना.प्र.नं. ८१८००१७६, जारी मिति २०४२/२/०१, जि.प्र.का. रौतहट)। |
| ५. बतहु साहको बुहारी, जगरनाथ साहको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **रिता देवी** (ना.प्र.नं. ०३२३०८९/१२०६, जारी मिति २०६३/१२/१४, जि.प्र.का. रौतहट)। | ६. जगरनाथ साहको बुहारी, बिजय कुमार साह बनीयाको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **उमेद कुमारी देबी** (ना.प्र.नं. ०३२३०८९/१२०७, जारी मिति २०६३/१२/१४, जि.प्र.का. रौतहट)। |

**धितोको विवरण**

१. जगरनाथ साह (ना.प्र.नं. ८१८००१७६, जारी मिति २०४२/२/०१, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक समनपुर गा.वि.स./न.पा. वडा नं. २ हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. १ स्थित कि.नं. ५२/१४३, ३७९ र ४९१ को क्षेत्रफल क्रमशः ०-०-१०, ०-५-१६१/२ र ०-०-२१/४ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. साहिल फेन्सी स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०५/३० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/३१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# बाढी पिडीतका लागि राहत संकलन अभियान तीव्र



जानकी फाइनान्स कम्पनी लिमिटेड
Janaki Finance Company Limited
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था)

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाका पीडितका लागि मधेश प्रदेशका विभिन्न सरकारी तथा गैर सरकारी निकाय, संघ संस्था र राजनीतिक दलबाट राहत संकलन अभियान तीव्र पारिएको छ ।

यसैक्रममा जानकी फाइनान्स कम्पनी लिमिटेडका कर्मचारीहरुले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आफ्नो एक दिनदेखि पांच दिनसम्मको तलब प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गरेका छ्न ।

यस्तै एसएम स्पोर्ट्सले करिब ४ लाख रुपैयाँ बराबरको कपडा सहयोग गरेको छ। एसएम स्पोर्ट्सले उपलब्ध गराएको राहत सामग्री जनकपुरधाम उद्योग वाणिज्य संघमार्फत राहत व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको हो ।

एसएम स्पोर्ट्सले बाढीपीडितका लागि विभिन्न प्रकारका गरी ४१८ थान/सेट कपडा उपलब्ध गराएको छ । जसमा ६४ सेट ट्रेकसुट, २८ सेट ट्राउजर-भेस्ट, ७४ सेट हाफप्यान्ट-भेस्ट, ३३ थान निभिया ट्राउजर, १७८ थान आईपीएल भेस्ट र ४१ थान विन्डचिटर रहेका छन् । त्यस्तै, च्वाइस टेलर्सका सञ्चालक असगर खानले ६५ थान तयारी सर्ट-पाइन्ट तथा बन्डी र ६ थान ट्रेकसुट समेत जनकपुरधाम उद्योग वाणिज्यसंघलाईहस्तान्तरणगरेका छन् । भोटेकोशी नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावित क्षेत्रमा राहत पुऱ्याउन जनकपुरधाम उद्योग वाणिज्य संघले राहत संकलन अभियान सञ्चालन गरिरहेको छ ।

संघले पीडितका लागि आवश्यक खाद्यान्न, कपडा तथा अन्य राहत सामग्री संकलन गरी सम्बन्धित क्षेत्रमा पठाउने तयारी गरेको जनाएको छ । राहत संकलनलाई व्यवस्थित बनाउन संघले आइतबार संघका निवर्तमान अध्यक्ष जितेन्द्र महासेठको अध्यक्षतामा संरक्षण, सल्लाहकारलगायत ९ सदस्यीय समिति गठन गरेको थियो ।

संघका अध्यक्ष सुरेन्द्र भण्डारीका अनुसार गठित समितिले जनकपुरधामबाट बाढीपीडितका लागि आवश्यक राहत सामग्री संकलन तथा व्यवस्थापनको काम गर्नेछ । उनले विपद्को यस कठिन घडीमा जनकपुरधामका उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई सक्दो सहयोग गर्न आग्रह गरेका छन् ।

संघले संकलन हुने राहत सामग्रीलाई आवश्यकता र प्राथमिकताका आधारमा प्रभावित क्षेत्रमा पुऱ्याउने जनाएको छ । पछिल्लो विपद्ले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएकाले राहत तथा पुनःस्थापनाका लागि सबै क्षेत्रबाट सहयोग आवश्यक रहेको संघको भनाइ छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघले इच्छुक व्यक्ति, व्यवसायी तथा संघसंस्थालाई राहत अभियानमा जोडिएर बाढीपीडितलाई सहयोग गर्नसमेत आह्वान गरेको छ ।

# रातो र कोशीमा पनि पानीको बहाव उच्च

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोशी, टिमोर, र त्रिशुलीपछि अब मधेश प्रदेशका कोशी नदी र रातो नदीमा पानीको बहाव उच्च भएको छ । ती नदीमा बहाव उच्चले जोखिम बढेको छ ।

सोमबार दिउँसो २:२० बजेको मापनअनुसार कोशी ब्यारेजमा पानीको बहाव १ लाख ९० हजार २ सय ९५ क्युसेक पुगेको छ । पानीको बहाव पछिल्लो मापनको तुलनामा घट्दो क्रममा रहे पनि ब्यारेजमा अझै खतरा तह कायम रहेको जनाइएको छ ।

उच्च बहावलाई व्यवस्थापन गर्न कोशी ब्यारेजका २० वटा ढोका खोलिएका छन् । नदीमा पानीको सतह र बहाव उच्च रहेकाले ब्यारेज तथा तल्लो तटीय क्षेत्रमा रहेका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ ।

पानीको बहाव घट्दै गए पनि जोखिम पूर्ण रूपमा टरिनसकेको भन्दै सम्बन्धित निकायले नदी किनार तथा तल्लो तटीय क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र सावधानी अपनाउन आग्रह गरेका छन् ।



यता महोत्तरीको बर्दिबास नगरपालिका र महोत्तरी गाउँपालिका क्षेत्रबाट बग्ने रातो नदीमा समेत पानी बहाव उच्च भएपछि जोखिम बढेको सरोकारवाला निकायको भनाई छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीले तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

प्रशासनका अनुसार रातु खोला आसपासको क्षेत्रमा पानीको बहाव बढ्न सक्ने अवस्था देखिएकाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुरक्षा टोलीलाई सतर्क अवस्थामा परिचालन गरिएको छ । रातु नदी प्रणालीको तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई नदीको बहाव र आसपासको अवस्थाबारे निरन्तर जानकारी राख्न तथा जोखिम बढेमा सुरक्षित स्थानतर्फ जान प्रशासनले अनुरोध गरेको छ ।

सम्भावित बाढी तथा डुबानबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरणका लागि सुरक्षा निकाय र सम्बन्धित निकायहरूलाई समेत आवश्यक तयारी अवस्थामा रहन भनिएको प्रशासनले जनाएको छ । प्रशासनले नदी किनार तथा तटीय क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र सम्भावित जोखिमलाई बेवास्ता नगर्न सर्वसाधारणलाई आग्रह गर्दै आएको छ ।

## राहतका लाग १५ दिनको तलब पठाई दिन नेकपाको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मधेश प्रदेश संसदीय समिति आबद्ध प्रदेश सभा सदस्य, स्वकीय सचिव तथा सचिवालयमा कार्यरत कर्मचारीहरुले रसुवा जिल्लामा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भएपछि बाढीपीडितको राहत तथा पुनःस्थापनाका लागि आफ् ना को १५ दिनको तलब दिएका छन् ।

नेपाली कम्युनिस्ट पार्टी मधेश प्रदेशसभा संसदीय दलका नेता युवराज भट्टराई ले मधेश प्रदेश सभा मधेश प्रदेशसभा सचिवालयका सचिवलाई पत्र पठाउँदै रसुवाका बाढीपीडितलाई सहयोग गर्न तलब कट्टा गरी रकम आफ्नो पार्टीको नाममा रहेको खातामा उपलब्ध गराई दिन आग्रह गरेका हुन् ।

भट्टराईले पठाएको पत्रमा रसुवा जिल्लामा आएको बाढीका कारण ठूलो मात्रामा आर्थिक, भौतिक तथा मानवीय क्षति भएको उल्लेख गरिएको छ । विपद्को कठिन अवस्थामा बाढीबाट प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनामा सहयोग गर्नु सामाजिक तथा मानवीय दायित्व भएको भन्दै उनले प्रदेशसभा सदस्य र कर्मचारीबाट सहयोग जुटाउने प्रस्ताव अघि सारेका हुन् ।

# अस्पतालबाट हराएका शिशु फेला पऱ्यो, एक महिला पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्जस्थित नारायणी अस्पतालबाट चोरी भएको एकदिने नवजात शिशु प्रहरीले १६ घण्टामै सकुशल फेला पारेको छ । प्रहरीले शिशु चोरीमा संलग्न रहेको आरोपमा एक महिलालाई पक्राउ समेत गरेको बताइएको छ ।

अस्पतालबाट आइतबार राति नवजात शिशु चोरी भएपछि प्रहरीले खोजी तीव्र बनाएको थियो । रातभर सञ्चालन गरिएको खोजीअभियानका क्रममा वीरगन्ज महानगरपालिका-१६ इनर्वाबाट शिशुसहित एक महिलालाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा इनर्वा निवासी सबिना खातुन रहेकी छन् । उनको साथबाट फेला परेको नवजात शिशुलाई प्रहरीले उद्धार गरी परिवारको जिम्मा लगाउने प्रक्रिया अघि बढाएको जनाएको छ ।



सर्लाहीको रामनगर गाउँपालिका-३ बहुअर्वाकी रिन्कु देवीले शनिबार राति करिब ११ बजे शल्यक्रियामार्फत शिशुलाई जन्म दिएकी थिइन् । अस्पतालमै रहेकी शिशुकी हजुरआमासँग एक महिलाले ' बच्चा खेलाउँछु' भन्दै शिशु मागेकी थिइन् ।

हजुरआमाले शिशु ती महिलालाई दिएपछि उनी बच्चासहित अस्पतालबाट बाहिरिएकी थिइन् । त्यसपछि परिवारले शिशु हराएको थाहा पाएपछि प्रहरीलाई खबर गरेका थिए । घटनाको सूचना पाएलगत्तै पर्सा प्रहरीले विभिन्न स्थानमा खोजी तथा निगरानी बढाएको थियो । प्रहरीको सक्रियतामा शिशु चोरी भएको करिब १६ घण्टामै फेला परेको हो ।

पक्राउ परेकी महिलालाई प्रहरी हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ । घटनामा उनको संलग्नताको प्रकृति र शिशु चोरी गर्नुको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# माग सम्बोधन नभएसम्म धर्ना जारी रहने हरवा-चरवाको अडान

**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्ना अधिकार र पुनःस्थापनासँग सम्बन्धित माग कार्यान्वयन गर्न दबाब दिँदै मधेश प्रदेशका हरवा-चरवा समुदायले प्रदेश सरकारको प्रशासनिक केन्द्र मधेश भवन अगाडि थालेको धर्नालाई निरन्तरता दिएका छन् ।

आन्दोलन सुरु भएको एक साता बितिसक्दा पनि सरकारले ठोस पहल नगरेको भन्दै उनीहरूले माग पूरा हुने सुनिश्चितता नभएसम्म धर्ना नरोकिने बताएका छन् । हरवा-चरवा संघर्ष समिति, मधेश प्रदेशको नेतृत्वमा भइरहेको आन्दोलनमा प्रदेशका आठवटै जिल्लाबाट आएका प्रतिनिधिहरू सहभागी छन् ।



समितिले मुख्य रूपमा दुईवटा माग अघि सारेको छ। पहिलो, हरवा-चरवाको यथार्थ विवरण संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणको काम तत्काल सुरु गर्नुपर्ने र दोस्रो, भूमिहीन हरवा-चरवा परिवारको पहिचान गरी दीर्घकालीन पुनःस्थापनाका लागि स्पष्ट योजना बनाएर कार्यान्वयन गर्नुपर्ने माग छ ।

सोमबार प्रदेश सरकारका भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेल धर्नास्थलमा पुगेर आन्दोलनरत पक्षसँग छलफल गरेका थिए। उनले मुख्यमन्त्रीसँग विषयमा कुराकानी भइसकेको र धर्ना स्थगित गरेर वार्तामा आउन आग्रह गरेको आन्दोलनकारीहरूले बताएका छन् । तर माग पूरा हुने ठोस आधार प्रस्तुत नभएसम्म आन्दोलन रोक्ने पक्षमा आफूहरू नरहेको उनीहरूको भनाइ छ ।

संघर्ष समितिका संयोजक श्रीप्रसाद सादाका अनुसार लामो समयदेखि विभिन्न माध्यमबाट सरकारको ध्यानाकर्षण गराउँदै आए पनि अपेक्षित सुनुवाइ भएको छैन। उनका अनुसार धर्नास्थलमा मन्त्री आए पनि माग कार्यान्वयनको प्रतिबद्धताभन्दा वार्ताका लागि आन्दोलन स्थगित गर्न आग्रह गरिएको थियो ।

यसअघि करिब एक साताअघि हरवा-चरवा समुदायले जनकपुरधाममा ठूलो विरोध ऱ्याली निकाल्दै मधेश भवन घेराउ गरेका थिए। त्यस क्रममा उनीहरूले विगतमा सरकारले गरेका प्रतिबद्धता कार्यान्वयन गर्न माग गर्दै मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ध्यानाकर्षणपत्रसमेत बुझाएका थिए। तर त्यसबाट पनि ठोस परिणाम नआएपछि धर्ना सुरु गरिएको संघर्ष समितिले जनाएको छ ।

सरकारले तत्काल ठोस निर्णय गरी माग सम्बोधन नगरे आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत संघर्ष समितिले दिएको छ ।

हरवा-चरवा मुक्ति घोषणा भएको चार वर्ष पुग्न लाग्दासमेत आफूहरूको अवस्था व्यवहारिक रूपमा परिवर्तन हुन नसकेको समुदायका अगुवाहरूको गुनासो छ । संघर्ष समितिका सदस्य लागेन्द्र सादाले कानुनी रूपमा मुक्ति घोषणा भए पनि परिचय, भूमि अधिकार, सामाजिक सुरक्षा, आवास, रोजगारी र आर्थिक पुनःस्थापनाजस्ता आधारभूत विषय अझै सम्बोधन हुन नसकेको बताए ।

उनका अनुसार हरवा-चरवाको सही तथ्यांक र प्रमाणीकरण नहुँदा सरकारले बनाउने नीति तथा कार्यक्रमसमेत लक्षित समुदायसम्म प्रभावकारी रूपमा पुग्न सकेको छैन ।

हरवा-चरवा अधिकार मञ्चका अध्यक्ष दशन मण्डलले 'हरवाचरवा लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका, २०८०' लाई तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनुपर्ने बताए। उनले लगत संकलन तथा परिचयपत्र वितरणलाई तीव्रता दिनुका साथै भूमिहीन परिवारको भूमि अधिकार र पुनःस्थापनाको विषयलाई कानुनी प्रक्रियामार्फत अघि बढाउन सरकारसँग माग गरे ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवा-चरवा समुदायलाई पूर्ण रूपमा मुक्त गर्दै भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा कृषि क्षेत्रमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। तर आवश्यक तथ्यांक, प्रमाणीकरण र परिचयपत्र वितरणको काम अघि नबढे नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत समस्या उत्पन्न हुने मण्डलको भनाइ छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले सन् २०१३ मा गरेको अध्ययनलाई उद्धृत गर्दै मण्डलले नेपालमा हरवा-चरवाको संख्या एक लाखभन्दा बढी रहेको जानकारी दिए । द फ्रिडम फण्डका कानुनी सल्लाहकार बलराम भट्टराईका अनुसार समुदायका ठूलो संख्यामा मानिस अझै भूमिहीन तथा नागरिकतासहितका आधारभूत कागजातबाट वञ्चित छन् ।

वि.सं. २०७९ साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले हरवा-चरवा मुक्तिको घोषणा गरेका थिए। तर घोषणा भएको लामो समय बितिसक्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको अधिकारकर्मीहरूको गुनासो छ । भट्टराईले केवल घोषणा गरेर नभई भूमि, पुनःस्थापना, सामाजिक सुरक्षा र अन्य अधिकार व्यवहारमा सुनिश्चित गरेपछि मात्रै हरवा-चरवा समुदायको वास्तविक मुक्ति हुने बताए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८